NE BU LA

NE BU LA, an abbreviation for the association of three communities namely Nepali, Bhutia, and Lepcha, is a publication of a literary interest of the three communities (titled NE BU LA) in the year 1935.

The issue of NE BU LA, published on 1st March, 1935, was edited by K. D. Pradhan and the cost per issue was 5 paise.

Some of the contents of the issue are:

1) Formation of the Hill People's Social Union in Darjeeling.
2) Speeches by Lieutenant Govardhan Gurung, Motichandra Pradhan, Deputy Magistrate, Dilbahadur Chettri and many others.
3) International news from Bhutan and Nepal.
4) News from neighboring state Sikkim.
5) Other miscellaneous issues.

Digitization of the issue by Darjeeling History Club.

विशेषाङ्क — आठ आना

N. S. U. Number.



नेपाली भोटे र लापचेहरूको मासिक पत्र

वार्षिक मूल्य (भारतवर्षमा) कं० रू० १)

सम्पादक—श्री के० डी० प्रधान, बी० ए०

प्रति संख्या (साधारण अंक) पाँच पैसा

वर्ष १ | फाल्गुन १९९१ ता: १ मार्च १९३५ | संख्या २

विशेषाङ्कको सूचना

नेबुलाको यो विशेषाङ्क हामीले एक जना मित्रबाट दान स्वरूप पाएका हौं । यसको बिक्रीबाट जो आम्दनी होला तेसले हिल-पिपल्स सोसियल यूनियनको त्रैमासिक जार्नल (पत्रिका) प्रकाशित हुनेछ । सोसियल यूनियनका सदस्यहरूले यो विशेषाङ्क बिना मूल्य पाउने छन् तर जार्नलको वार्षिक मूल्य भने बाहाँ हरूबाट पनि लिइने छ। नेबुला मासिक पत्रको र यो विशेषाङ्कको हिसाब भिन्दा भिन्दै रहनेछ ।

नेबुला मासिक पत्रका लागि वार्षिक चन्दा १) कं० रू० तिर्ने महानुभावहरूले यो विशेषाङ्क बिना मूल्य पाउनेछन् । हामीले यो अंक थोरै मात्र छापेका हुनाले वार्षिक मूल्य बुझाउने जम्मै भाइहरूले यो विशेषाङ्क अवश्य पाउनेछन् भनी हामी ठोकुवा भन्नशक्तनौं । यसमा यो विशेषाङ्क राख्ने इच्छा गर्नेहरूले चाँडै नै नेबुलाको वार्षिक मूल्य बुझाइहाल्नु होला भन्ने निवेदन छ ।

विषय सूची

विषय	पृष्ठ
Formation of the Hill-people's Social Union in Darjeeling	१
Speech of Mr. N. B. Rai, Engineer, Kurseong	८
Speech of Mr. Hem Narayen Pradhan, B. A., Kurseong	६
दार्जीलिङ्गमा हिल पिपल्स सोसियल यूनियन स्थापन	१०
श्री लेफ्टनेन्ट गोवर्द्धन गुरुङको भाषण	२१
श्री मोतीचन्द प्रधान, बी० ए०, डिप्टी म्याजिस्ट्रेटको भाषण	२३
श्री रेभ० कालू सिंह पिटर्सको भाषण	२५
कालिम्पोंगका प्रतिनिधि श्री जे० पावलले दिएको वक्तृता	२७
खरसांगका प्रतिनिधि श्री दीलबहादुर छेत्रीको भाषण	२८
हाम्रो संगठन, डाक्टर मदन थापा एल० एम० एफ०, एल० डी० एस्सी०	२६
सर्दार बहादुर हनजीत देवान राई, डिप्टी सुपेरिन्टेन्डेन्ट-अव् पुलिसको व्याख्यान	३१
सम्पादकको गन्थन	३३
कुतको एक पृष्ठ	३४
विविध विषय	३६
नेपाल समाचार	३६
भोटाङ र सिक्किम समाचार	४०
समालोचना	४३
ऋतु-विचार	४४

नेबुलाका नियमहरू

१। यो पत्र प्रत्येक अङ्गरेजी महिना को १ ताः का दिन प्रकाशहुनेछ ।

२। यो पत्रका उद्देश्य तल लेखे बमोजीम हुनेछन्:—

(क) साधारण जनसमाजमा विशेष गरी दार्जीलिङ्ग जिल्ला र वरिपरिका पर्वतवासी अर्थात् नेपाली, भोटे र लापचेहरूका बीचमा सामाजिक संगठन र भ्रातृभावको जागृति गराउने औ तिनमा विद्याको प्रचार गर्ने;

(ख) स्थानीय तथा विदेशका खबरहरू प्रकाशित गर्ने ।

३। यो पत्रले राजनीति, धर्मनीति औ व्यक्तिगत झगड़ा सँग कहीं सम्बन्ध रहनेछैन।

५। यो पत्रका लागि आएका लेख वा समाचार छाप्ने कहरेका खण्डमा काटछाँट गरी वा नगरी प्रकाश गर्ने पूर्ण अधिकार सम्पादकलाई हुनेछ । प्रकाश न भएका वा नहुने लेख आदि फिर्ता माग्नेले टिकस र जवाबी कार्ड पठाउनुपर्छ ।

५। प्रकाश भएका लेख आदिका मतका जिम्मावार लेखक आफै हुनेछन् ।

विज्ञापनको दर

	प्रति संख्या	३ महिना	६ महिना	१ वर्ष
पूरा पृष्ठ	३)	८)	१५)	२४)
आधा पृष्ठ	१॥)	४)	८)	१५)
$\frac{१}{४}$ पृष्ठ	॥)	२)	३॥)	७)
भित्री कभर	४)	१०)	१८)	३०)
बाहिरी कभर	५)	१३)	२४)	४०)

॥ श्रीः ॥

नेबुलाको मूल्य—

एक वर्षको १ कं० रू०

प्रति संख्या पाँच पैसा



विज्ञापनको दर—

प्रति पृष्ठ वर्षको २४ ।

प्रति पृष्ठ संख्याको ३ ।

नेपाली, भोटे र लापचेहरूको मासिक पत्र

वर्ष १ फाल्गुन १९९१—ताः १ मार्च १९३५ संख्या २

Formation of the Hill-people's Social Union in Darjeeling

A mass public meeting of the Hill-people was held at the Madan's Rink Theatre, Darjeeling on 23rd. December, 1934. at 1 P. M. under the Presidentship of Sardar Bahadur S. W. Laden La, C.B.E. The Theatre was packed with over 600 leading Hill-people of Darjeeling, Kalimpong, Kurseong, Sukhia Pokhri, Tea Gardens and also from remote villages.

Election of Sardar Bahadur S. W. Laden La as President.

Proposed by Mr. M. C. Pradhan

Seconded by Lt. Gobardhan Gurung

Carried unanimously.

Dr. Yensingh garlanded the President.

The President took his chair and in his opening speech said—

" Brethren,

It is first my pleasant duty to offer you a most cordial welcome today, while thanking you from the core of my heart for the signal honour you have done me by asking me to preside over today's deliberations.....deliberations, which, Almighty willing, will revolutionize the entire outlook in the future social life of the Hill-people of Darjeeling.

Today is a Red Letter day in the annals of the Hill-people of Darjeeling. The trusted representatives of the three important communities of this District—the Nepalese, the Bhutias and the Lepchas are assembled today in a solemn conclave, animated by one common desire of laying the foundation of lasting camaraderie and brotherhood among these three great Hill-communities of the District of Darjeeling.

My heart pulsates with joy to see so many familiar faces present here today. My sense of gratifications is especially great to find the large number of young people, the torch-bearers of the future, vying with their elders in their duty for the great Hill-community. If your presence here today is any indication of the keen interest which you are taking for the future well-being of the community, I feel confident that a great future awaits us.

The ideal of a great Zollverein Union of the Hill-people of this District is not of recent origin and not an aggressive attitude. The three communities of this District, who are the children of this soil, have historically, culturally and ethnologically, some peculiar traits in common .....which must strike the casual Visitor or Observer from outside this District as something unheard of and unseen in other parts of India.

Recognising this prime factor in the life of the Hill-people of Darjeeling, a factor that differentiates them from the rest of the communities of this District, The Hillmen's Association was ushered in Darjeeling to safeguard and advocate the legitimate interests of the Hill-people in the sphere of politics.

But man does not live by politics alone. In the formative period of a nation or community, there are other spheres which call for constructive works with their greatest of zeals and patience. And social reformation and reorganization, to my mind calls for *united* will and concerted action from every well-wisher of a community or nation. A well-ordered and enlightened society is in fact a condition precedent to an all-round progress in the larger and wider sphere of the every-day world. "Set your house in order first" should be our watchword.

We are living in an age, when reform and change are the order. After the great European War especially, changes of far-reaching importance have occured in the perspection and outlook of mankind as a whole. This change has permeated even the far-flung District of Darjeeling and its simple and guileless mountaineers.

The time has therefore come when those among the Hill-people who are better placed than their humbler brethren in the sphere of education and enlightenment to come forward and give the right lead to the Hill-people as a whole in the great task of shaping the future destiny of the Hill-people with discretion, wisdom and foresight. In an adjustment of our social and other relations with the rest of the world the greatest restraint, forethought, and understanding will be called forth from the intelligentsia and the leaders of our Community and on this wise and proper adjustment alone will depend the future well-being of our community.

Occupying as we do a place of position and importance in the every day life of the district and knowing full well that the Great Hill-community of Darjeeling has much to contribute towards the moral and material progress of this district, a few of us have felt called upon to issue the Appeal for this meeting, which we hope will be the most momentous one in Darjeeling.

In your presence today I find a generous and spontaneous response. I will now call upon you to conduct this meeting in a spirit of good will, helpfulness and co-operation with a view to find out a formula which will be the best solution for the many ills from which our social body as a whole suffers today.

Brethren, this solution must be

broad, based on good will and general agreement of purpose amongst those present today. I know many of us differ on a great many questions of policy and practice in society. I am aware of the many differences that exists between the different elements of Hill-communities. Let these differences not daunt us. Because of the existence of these differences, the need for a great social body, like the one proposed to be inaugurated, arises. We want a common platform..... a central body co-ordinating the activities of our people in various spheres of every day life. And that brings me to the question of the why and wherefore of the proposed Hill-people's Social Union.

Why do we want a Union of this nature? This question naturally arises first of all. Let me once more read out the aims and objects as set forth in the appeal.

(a) *To foster brotherhood and to augment further the existing tie of social unity among the different Hill-people, viz. the Nepalese, the Bhutias and the Lepchas;*

(b) *To promote social intercourse among the different sections of the Hill-people, with a view to bring about their general upliftment and to encourage the growth of education among them;*

(c) *To provide facilities for recreation*

Sardar Bahadur S. W. Ledan La, C. B. E.

—*indoor and outdoor, in the towns in particular and in the district in general ;*

(d) *To help the members during difficulties and distress and also, should the occasion arise, to help others in need ;*

(e) *To afford shelter and accommodation for members and guests wherever there is a local branch of the Union.*

(f) *To start an Unemployment Bureau.*

(g) *To educate public opinion among the Hill-people to learn to compose their differences among themselves.*

As a man who has a fair share of experience in public life, I take this opportunity of publicly expressing this opinion today from this platform that the time has come when the Hill-people should bury all their differences in the past and should develop that brotherly unity in all matters which alone will help us to stand up and work as a united people and to occupy a place of esteem and influence in the life of this District.

We live under the aegis of the benign British Government. We enjoy all the blessings of an enlightened and benevolent Government. Our relation with other communities of Darjeeling and with our neighbours are in a footing of excellent amity and happy co-operation. This District is happily free from Communal squabbles and bickerings. In this atmosphere of general good will and understanding, let us therefore help to build a Hill-people's structure which will, for years to come, be a lasting edifice of peace, harmony and good will in this District.

I take this opportunity to warn you, brethren, from taking any false step towards aggressive communalism. I sound a note of warning to those who think that the interests of a community can be safeguarded and promoted at the cost of those of the other communities. This is the most foolish and dangerous of all doctrines. Selfishness, whether in a man or in a community invariably leads to ruination.

I also reiterate publicly that the step that we are about to take today has for its purpose not only the objective of unifying the different folds of the Hill-community but also of further augmenting the existing happy relations with the rest of the communities living in Darjeeling.

Now, brethren, I shall not take your time much longer. There will be other speakers from different Towns, Villages and Tea Gardens, etc. of the district after me who will have a good deal to say about the proposed inauguration of the Union. Before I resume my seat, let me therefore recapitulate the points that I have sought to make out.

Firstly then, I ask you to consider the many knotty differences that exist among our people today. And why ? The answer is because we have allowed ourselves to seclude in narrow water-tight social bodies.

Secondly, realizing that this separatist policy has done us immense harm, what remedies must be applied ? And the answer is that our people must have a common platform for

joint deliberations. And that a body like the one proposed to be inaugurated today is alone capable of providing us with this common platform.

If therefore, brethren, you think and decide that the needs for such an organization is there and that the time has come for its inauguration, I call upon you to come forward and co-operate with the organisers in this great cause.

I shall strive to guide your deliberations with the best of sympathies and good-will today and I am sure this meeting of the best elements of the three great communities will carry on its deliberations with restraint, patience and above all with dignity.

With these few words and thanking you once again, I now resume my seat.

Dr. Yen Singh, K. I. H.

The following gentlemen also spoke in support of the President:—

(1) Lt. Gobardhan Gurung.
(2) Mr. Motichand Pradhan, B. A.
(3) Sardar Bahadur H. D. Rai.
(4) The Rev. K. S. Peters.
(5) Mr. N. B. Rai.
(6) Mr. Jombay Paul.
(7) Mr. Mangal Singh Lama.
(8) Mr. Hem Narain Pradhan, B. A.
(9) Mr. D. B. Chhetri
(10 Mr. Jitman Chhetri.

It was unanimously resolved that an Association known as "The Hill-people's Social Union" be formed in Darjeeling with branches at Kurseong and Kalimpong.

Proposed by Mr. Paras Mani Pradhan
Seconded by Mr. A. J. Dewan.
Carried unanimously.

The following gentlemen were elected as Office-bearers for the Union :—

President—Sardar Bahadur S. W. Laden La, C. B. E.
Proposed by Mr. R. N. Sinha.
Seconded by Mr. K. B. Gurung.
Carried unanimously.

Vice. Presidents—Lieut. Gobardhan Gurung and Dr. Yen Singh.
Proposed by Mr. N. B. Rai.
Seconded by Mr. I. D. Sinha.
Carried unanimously.

Secretary—Mr. R. N. Sinha, B. L.,
Proposed by Dr. Madan Thapa.
Seconded by Rai Saheb C. Tenduf La.
Carried unanimously.

Joint Secretaries—Mr. Paras Mani Pradhan, F. R. G. S., M. R. A. S., and Mr. A. J. Dewan, B. A.
Proposed by Rev. K. S. Peters
Seconded by Mr. T. Wangdi.
Carried unanimously.

Treasurer—Mr. H. M. Rai.
Proposed by Lt. Gobardhan Gurung.
Seconded by Mr. Motichand Pradhan.
Carried unanimously.

Members of the Executive Committee—

(1) Sardar Bahadur Hanjit Dewan Rai.
(2) Mr Motichand Pradhan, B. A.,
(3) Rev. K. S. Peters.
(4) Rai Sahib C. Tenduf La.
(5) Dr. Madan Thapa.
(6) Mr. K. B. Gurung, B. Sc., B. T.
(7) ,, T. Wangdi, B. L.
(8) ,, C. B. Kumai, B. A.
(9) ,, I. D. Sinha, Legal Practitioner
(10) ,, W. D. Laden La.
(11) ,, Kaziman Rai.
(12) ,, M. B. Thapa.
(13) ,, Nima Norbu.
(14) ,, Chumbay Tshiring.
(15) ,, L. S. Pradhan.
(16) ,, N. B. Rai.

Proposed by Dr. Yen Singh.
Seconded by Mr. H. M. Rai.
Carried unanimously.

The meeting authorises the Executive Committee to appoint a Select Committee from amongst its members with powers to co-opt to frame a constitution for the Union.

Proposed by Mr. M. C. Pradhan.
Seconded by Mr. C. Tshring.
Carried unanimously.

The President in his closing speech emphasised and said—

Brethren,

I now rise to wind up the momentous deliberations of today's great and unique gathering.

We have reasons to congratulate ourselves for the splendid manner in which the deliberations and discussions were carried on. Believe me, I was not prepared for this spontaneous and genuine demonstration of good-will and helpfulness. Your conduct and the dignity with which you, brethren have acquitted yourselves in deciding today's question of far reaching importance for the Hill-community belied all my expectations. I can assure you, that the great task of setting the house of the Hill-people in order will be set afoot and will continue in all earnestness: and are soon, a great Union, co-ordinating the different elements of our people will begin functioning. We have thus a great future to look forward to..... and with your help, co-operation and support, this future will dawn at no distant date.

As speakers after speakers have addressed today, the great and salient fact of the brotherly feeling that exists among the Nepalese, the Bhutias and the Lepchas in the rural areas must further be augmented and must also be brought into play in our urban areas, where petty and inconsequential differences unfortunately exist among these three people. And I am sure the inauguration of this Union will serve to remove all these cankers which are eating at the vitals of the Unity of our people.

Let me also congratulate you for your wise and very judicious selection of the Office-bearers of the Union. "The right man in the right place" has been selected and I am quite sure that with a band of such

illustrious brethren and workers, the Union will soon command universal respect and admiration by dint of its selfless work for the Community.

Before I resume my seat, let me announce that the colours chosen by your brethren for our Union are Gold, Blue and Red representing Brahma, Bishnu and Maheshar of the Hindus, the Buddha, Dharma and Sangha of the Buddhists and the Trinity of the Christians. These three colours also represent the three communities. In the middle of our tri-coloured banner, the Union Jack will represent our membership of the Great British Empire.

The Union Salute and Secret Signs,

The three fingers of the right hand held up separately representing the three Communities, and the thumb pressing over the small finger signifies the 'Unity' which will serve the King and Country. This sign will be our badge and the word "For King and Country" will be across the wrist.

The fingers will separately bear NE-BU-LA which means Nepalese, Bhutias and Lepchas.

I thank you once again gentlemen for the great task that we have set before ourselves today. I beg to remind you once more not only of our duties by our Community but also by our neighbours. I must remind you of my entreaty to cultivate a broad outlook and a spirit of compromise in our everyday relations with the rest of the communities living in Darjeeling.

Since you have approved of our Salute-will you all now rise up and salute our beloved King-Emperor and the Union Jack with our Union Salute? The meeting ended with a vote of thanks to the Chair.

Proposed by
Dr. M. Thapa.
Seconded by
Mr. M. C. Pradhan.

The President was At Home to all the Hill-people representatives—who were entertained with refreshment and a theatrical performance by the Himalayan & Children Advancement Association, Darjeeling.

Speech of Mr. N. B. Rai, Engineer, *Kurseong.*

Mr. Chairman and Gentlemen of the Hill-communities of the Darjeeling District,

Today I consider myself very fortunate as I stand here to address you. We have assembled here today from all parts of this District with a view to unite the Nepali, Bhotia and the Lepcha Communities of this District into a fraternity and I hope that this knot of brotherhood which we shall tie today between each other will never break. This day you should consider immemorable as it will commence a new history of the Hill-people of this District.

Mr. N. B. Rai, Engineer.

It is needless for me to dwell at length about the objects etc. with which this meeting was called and thus to tax your patience and valuable time by repeating the same thing which was fully explained to you by the several previous speakers. This much I would like to say that I fully support the proposal of the formation of a 'Hill-people's Union Club' in the Darjeeling District having its branches at Kalimpong, Kurseong and Siliguri.

We must combine today with all our heart and form this Union. The great President Abraham Lincoln of America once said "United we stand, divided we fall" when the States of America disputed with each other. Gentlemen, it is a pity that we have no place to meet each other and have social intercourse. You must know that all other communities here and everywhere in the world have a place for meeting where they express each others opinion and discuss matters connected with the upliftment of their communities. We are classed as 'backward people', Why? Because, we have no combined voice and our society is without a place or home. Gentlemen, we must have Clubs and Recreation-ground where we can meet and grow a brotherly feeling amongst us. Without such an institution, unity amongst us is impossible.

You may say that we are a very small community but when we shall have a Union Club of the Hillmen, we shall be able to have connections of India and thus create a feeling of brotherhood with them. This will certainly give strength to our people and we can always combine with them in any matter of common interest.

In early days all our three communities lived in small villages in

the Hills; transport and communications were not known to them. But now we have started to live in modern towns and cities and enjoy the amenities of modern civilisation. You are aware that our people are far behind from other people of the world in the advancement of civilisation, so time has now come to awake and do something for the upliftment of our communities. This will be possible when we make a combined effort.

Things have changed rapidly within the last few years. We have now learnt the ways and manners of the modern civilisation and our youngmen are constantly going for higher education in the Colleges and Universities. We must see that our educated men are provided with professions, trade and services. Therefore my proposal is to establish an Employment Bureau attached to this Union Club. This institution will not only secure services for the educated people but it will help the great mass of employed hillmen who are now in great distress due to the slump in the Tea Industry. This Employment Bureau of the Club can approach various industrial organisations in India with a view to secure jobs for our men in factories, offices and other places.

Gentlemen, the population of our District is gradually increasing and it is impossible for every body to make a living here. Some people must go out and gain wealth, knowledge and experience. You know the Scottish Highlands in Europe. People from these Mountains are seen all over the world. I believe that Scotland is not a large country but we can take an example from it. You see the Marwari traders here. They come here with a few personal belongings but in course of time you find them a millionaire through their own efforts. Then why should we lag behind and remain 'backward' always? Our people also should go to other places to earn their living and bring back wealth to their home.

In conclusion, I should appeal to you all to support the proposal of the formation of the Hill-people's United Club in this District for the social, economical and educational upliftment of us all.

I thank you, gentlemen.

Speech of Mr. Hem Narayen Pradhan, B. A., Kurseong.

Mr. President, Sir and respectable Gentlemen.

It is a great pleasure to speak [a

few words on this occasion—an occasion, which for its uniqueness and importance, stands as a mile-stone in our progress. One can, indeed, without any fear of contradiction, say that this day is an epoch-making one in the history of the people of this District.

That we are all assembled here to-day from different places shows that we have had enough of the slumber of indifference and inactivity, enough too, as I should say, of the Lotus-eaters' dream. We now realise that if we sleep any more, we will be hopelessly left behind in the March of Civilization. So we sleep no more. It is time that we showed to all that we too can unite and left ourselves up, when we feel like it. Let us hope that the Torch of Unity which we are lighting to-day, will continue to blaze brighter and brighter, to illuminate our path of progress clearer and clearer.

दार्जीलिङ्गमा हिल पिपल्स सोसियल यूनियन स्थापन ।

ता: २३ दिसम्बर १९३४ का दिन १ बजेदेखि सर्दार बहादुर एस० डबल्यू० लेडनला, सी० बी० ई० का सभापतित्वमा मेडनको रिंक घरमा एउटा विराट् सभा भयो । सभा र थिएटरमा दार्जीलिङ्ग, कालिम्पोंग, खरसांग सुकिया-पोखरी, चिया कमान र बस्तीका प्राय: ६०० मानिसहरू उपस्थित थिए ।

श्री मोतीचन्द प्रधान महोदयले सर्दार बहादुर एस० डबल्यू०, लेडनलाले आजको सभामा सभापतिको आसन गरिदिनुपर्छ भनी प्रस्ताव गर्नुभए पछि सो प्रस्तावलाई लेफ्टनेन्ट गोवर्द्धन गुरुङ महोदयले समर्थन गर्नुभयो ।

यो प्रस्ताव सर्वसम्मतिले स्वीकार भए पछि सभापतिले आसन ग्रहन गर्नुभयो औ वाहाँलाई डाक्टर येन सिंह महोदयले फूलको माला लाइदिनुभयो ।

यस पछि सभापति महोदयले निम्नलिखित व्याखान दिनुभयो—

प्रिय भाइ हो !

आजको यो परम आनन्दमय सम्मेलनका निमित्त तपाईंहरूलाई हृदयले सुस्वागत गर्नु म मेरो मुख्य कर्त्तव्य ठान्छु । तपाईंहरूले यसरि मेला भई आजको यो विराट् सभामा सभापतिको आसन ग्रहन गर्ने आज्ञा दिएर मेरो यत्रो सन्मान गरेका लागि म तपाईंहरूलाई हार्दिक धन्यवाद चढ़ाउँछु । आजको यो विराट् आयोजनले हाम्रा दार्जीलिङ्ग जिल्लाका पर्वतवासीहरूको भविष्यत्लाई उनै परमात्माको शुभ इच्छा भयो भने जरै देखि परिवर्तत गरिदिनेछ, यसमा केही संशय छैन ।

आजको यो दिन दार्जीलिङ्गका पर्वतवासीहरूका निमित्त " रक्ताक्षरीय दिन " हो । आज यो सभामा यस ठाउँका मुख्य तीन जातिका मूल मूल प्रतिनिधिहरू मेला भएका छौं । नेपाली, भोटे र लापचेहरूमा भ्रातृभावको जागृति हवस् औ यिनीहरू प्रेमसूत्रमा बाँधिउन् भन्ने दृढ़ इच्छा हामी सबैमा उत्पन्न भएको छ ।

आजको यो समामा यतिका चिने

जानेका भाइहरू भेला भएको देख्ता मेरो मन आनन्दले पूर्ण भएको छ । यो भन्दा पनि अझ आनन्दको कुरा के भने आज यो सभामा यतिका जवान भाइहरू भेला भएको देख्ता मेरो मन हर्षले कति साह्रो गद्‌गद् भएको छ सो यहाँ भनेर साध्य छैन । तपाईं जवान भाइहरू हाम्रो भविष्यत्‌का पथ-प्रदर्शक (बाटो देखाउँने) हुनुहुन्छ । तपाईंहरूले हामी बूढ़ाहरू सँग यसरि दाँजिएर काम गर्न आँटनु भएको यो हाम्रा लागि एउटा शुभ लक्षण हो । तपाईंहरूले आफ्नो भविष्य सुधारका लागि यसरी मन दिएको देख्ता अब ता हाम्रो अवश्य उन्नति हुनेछ भन्ने विश्वास लाग्छ ।

यो जिल्लाका पर्वतवासीहरूले यस्तो संगठन गर्नलागेका कुरा कोही नया कुरा होइन औ कसैका बिरुद्धमा उठेको पनि होइन । यो जिल्लाका तीन जातिहरू अर्थात् यहाँका रइथानेहरूलाई ऐतिहासिक दृष्टिले हेर्नुहोस् वा सभ्यता औ वर्णका दृष्टिले हेर्नुहोस्, अरु जाति भन्दा भिन्दै छन् तर उनीहरू आपस्तम प्रायः एकै छन् । यो सबैले जानेको कुरा हो । यस्तो समानता भारतवर्षका अरु ठाउँका बासिन्दामा पाईंदैन, यो कुरा पक्का हो ।

दार्जीलिङ्गका रइथानेहरूमा यो कुरा देखिएको हुनाले उनीहरूलाई अरु जातिहरू देखि भिन्दै राख्ने अभिप्राय लिएर हिलमेन्स एसोसिएसन स्थापित भएको हो औ यो संस्थाको मुख्य काम यी पर्वतवासीहरूको राजनैतिक अवस्थाको बिचार गर्नु र उनीहरूको साविक हकको रक्षा गर्नु हो ।

तर मानिसहरू खालि राजनैतिक संसारमा मात्र बस्नसक्तैनन् । कुनै जातिको पूर्व अवस्थाको बिचार गर्नुभयो भने तिनीहरूमा पहिले अरु अरु नै कार्य्य गर्नु परेको पाउनुहुने छ । औ मुख्यतः तिनीहरूले सब भन्दा पहिले आपस्तमा मिलेर आफ्नो सामाजिक सुधार नै गरेको वा गर्नुपरेको पाउनु हुने छ । कुनै सभ्य जातिलाई हेर्नुहोस्, जब तिनीहरूको दैनिक कार्य्यमा उन्नति हुँदै जान्छ औ तिनीहरूमा सामाजिक सुधार हुँदै जान्छ तब मात्र तिनीहरू संसारमा सभ्य कहलाउँन लाग्छन् । यसर्थ सभ्य हुनालाई पहिले आफ्नो घर सुधार्नुपर्छ औ हाम्रो उन्नतिको मूल मन्त्र पनि यै हुनुपर्छ ।

अहिले हामी कस्तो युगमा छौं ? जता तते सुधार र परिवर्तन मात्र भइरहेको छ । यूरोपको गत महायुद्धदेखि पछि संसारमा जता तते परिवर्तन भएको देखिन्छ । यो परिवर्तनको हावाले दार्जीलिङ्ग जस्तो कुना ठाउँका सुधा पर्वतवासीहरूलाई पनि अलि अलि छोए जस्तो बुझिन्छ ।

यस अर्थ हाम्रो समाजका अलि जान्ने सुन्ने भाइहरूले अरु भाइहरूलाई आफ्नो भावी सुधारका निमित्त अघि सरी बाटो देखाउने बेला आइपुगेको बुझिन्छ । किनभने संसारका अरु समाज सँग सामाजिक वा अरु सुधारमा दाँजिएर उभिनु हो भने समाजका अगुवाहरूले अहिले देखि नै आफ्नो बुद्धिले पछिको बाटो हेरिराख्नुपर्छ ।

यो जिल्लाका दैनिक जीवनमा हामीले भाग लिएको औ लिनुपरेको हुनाले हाम्रो भावी सुधारका निमित्त आजको यो सभाको आयोजन गर्नुपरेको हो औ यो सभा हाम्रा अथवा हाम्रा भावी सन्तानका निमित्त बड़ो उपयोगी ठहर्ने छ भन्ने आशा गरिएको छ । तपाईंहरूले आज यसरी आएर यो सभालाई आफ्नो उपस्थितिले सुशोभित गर्नुभएको देख्ता मलाई आनन्द लागेको छ औ आफ्नो समाजको शुभ चिताउँदै कुन हिसाबले आफ्नो भावी सुधार अथवा आफ्नो दुःख निवारण गर्नसकिन्छ ती समस्यालाई बड़ो गम्भीर भावले हल गर्नुहोला भनी अनुरोध गर्छु ।

भाइ हो, यो समस्या हल गर्ने उपाय संकुचित हुनुहुँदैन तर आज मेला भएका जम्मै जातिको भलो हुने औ मिल्ने हिसाबको हुनुपर्छ । समाजका काम गर्ने विधिमा हामी कति जना मिल्दैनौं, यो कुरा मलाई थाहा छ । हामी भिन्न भिन्न पर्वतवासीहरूमा कति भिन्नता छ सो पनि मलाई थाहा छ तर यस्ता भिन्नताले हाम्रो भविष्य सुधारमा बाधा दिनुहुँदैन । यस्तै भिन्नता भएको हुनाले नै आज हामीले स्थापन गर्न आँटेको सामाजिक संस्थाको ठुलो आवश्यकता परेको हो । हामीलाई एउटा साझे ठाउँ चाहियो जहाँबाट हामीले मिलेर हाम्रा जातिका विषयमा अनेक तरहका कुरा गर्न र छलफल गर्न सकौं । यो कुराको बिचार गर्दा आज हामीले स्थापन गर्न आँटेको सामाजिक संस्थाको किन आवश्यकता पऱ्यो भन्ने प्रश्नको उत्तर मेरा मनमा आउँछ ।

हामीलाई यस्तो संस्था किन चाहियो ? यो प्रश्न सबैले गर्न सक्छन् औ यस्तो प्रश्न गर्नु बड़ो उचित पनि छ । हामीले स्थापित गर्न लागेको संस्थाका उद्देश्यहरू–जो हामीले अपीलमा प्रकाशित गरेका थियौं–सो मलाई एक पल्ट पढ़्नदिनुहोस्—

(क) जात जातका पर्वतवासीहरू, जस्तै नेपाली, भोटे र लापचेहरूमा भ्रातृभाव जगाएर हाम्रो वर्तमान सामाजिक सम्बन्धलाई अरु बलियो गराउनु;

(ख) पर्वतवासीहरूको सामाजिक सम्बन्धलाई बढ़ाउने र फैलाउने प्रयत्न गर्नु र तिनीहरूमा शिक्षाको प्रचार गर्नु औ तिनीहरुको सर्व प्रकारले उन्नति हुने काम गर्नु;

(ग) नाना तरहका खेलहरूको शहर भीत्र र शहर बाहिर पनी ठाँउ ठाँउमा उचित प्रबन्ध गर्नु;

(घ) सदस्यहरूलाई या अरु दुःखमा परेका मानिसलाई आपद विपद आइलागेका खण्डमा सघाउनु;

(ङ) यूनियनका स्थानीय संस्थाबाट सदस्य तथा अतिथिहरूलाई रहने बस्नेको प्रबन्ध गर्नु;

(च) बेकार समस्यालाई हल गर्ने अथवा नोकरी न भएका मानिसहरूका लागि नोकरी खोजिदिने यौटा संस्था खड़ा गर्नु;

(छ) पर्वतवासीहरूमा भएका आपस्तको अनबन आपस्त मै मिलाउने उद्योन गर्नु औ जनसाधारणमा यो विषयको शिक्षाको प्रचार गर्नु ।

हाम्रो समाजको स्थितिको पूर्ण अनुभव पाइसकेको हुनाले म आज यो सभामा तपाईंहरूलाई जोर दिएर भन्नसक्छु कि अब हामीले कुनै प्रकारको भेदभाव र भिन्नता देखाउने समय छैन । अबता हामीले हाम्रो अघिको जम्मै भेदभावलाई बिर्सेर आपस्तमा भ्रातृभावको संचार गर्ने समय आयो । यसो गऱ्यौं भने मात्र हामी दुनियाँको सामू उभिन सकौंला नत्र ता जिल्लामा हामीले आफ्नो आधिपत्य जमाउन दुर्लभ मात्र होइन कि असम्भव होला ।

हामी बृटिश सर्कारका छत्रछायामा छौं । हामीले सभ्य औ दयाशील सर्कारको अधीनमा बसेर कत्रो आनन्दको उपभोग गरिरहेका छौं । दार्जीलिङ्ग जिल्लाका अरु जाति र छर-छिमेकहरू सितको हाम्रो सम्बन्ध पनि बेसै छ । हाम्रो यो जिल्लामा भिन्न भिन्न जातिको भेदभावको झगड़ा, कलह केही छैन । हाम्रो यो आनन्द-मय अवस्था मै हाम्रो समाजको भावी सुधार, शान्ति र संगठनका निमित्त हामीले एउटा संस्था खड़ा गरिहाल्नुपर्छ ।

यो ओसरमा म तपाईंहरूलाई एउटा कुरा भन्नचाहन्छु सो के भने हामीले अरु

जाति सँग कुनै प्रकारको जातीय भेदभाव गर्नुहुँदैन । अरु जातिलाई बिगारेर मात्र आफ्नो जातिको सपार हुन्छ भन्ने झूटा धारणा कसै कसैमा भए सो कुरा भूल हो भनी म तपाईंहरूलाई भन्नचाहन्छु । यदि संसारमा मूर्ख र घिन लाग्दो विचार केही छन् भने म ता यै विचारलाई मूर्ख र घृणित भन्ठान्छु । स्वार्थताले व्यक्ति वा जातिलाई सर्वनाश गर्छ, यसमा केही सन्देह छैन ।

आज हामीले स्थापन गर्नलागेको संस्थाको उदेश्य केवल हाम्रै भिन्न भिन्न समाजको मात्र संगठन गर्ने होइन तर यस जिल्लामा रहेका अरु अरु समाज सँग पनि हाम्रो भ्रातृभाव अवश्य रहने छ ।

भाइ हो, म अब अरु भन्नचाहन्न किनभने जिल्लाका भिन्न भिन्न शहर, गाउँ र चिया कमानहरूबाट आएका अरु अरु भाइहरूले पनि हाम्रो संगठनका बारेमा धेरै कुरा भन्ने छन् । म वस्तु भन्दा अघि मलाई माथि भनेका कुराको साराँश फेरी एक पल्ट दोहऱ्याउँन दिनुहोस्—

पहिलो कुरा—हाम्रा भिन्न भिन्न जातिमा भएका भेदभावका विषयमा गहीरो विचार गर्नुपऱ्यो । यो कसरी भयो ? यस्तो भेदभाव भएको कारण हामीले हाम्रा समाजका व्यक्तिहरूलाई साह्रै संकुचित भावले बस्न दियौं ।

दोस्रो कुरा—यसरी संकुचित भावले भिन्दा भिन्दै बस्नाले हाम्रो हुन सम्मको हानि भएको छ । अब यसलाई निवारण गर्ने उपाय के हो ? हाम्रा भिन्न भिन्न जातिका व्यक्तिहरूका निमित्त एउटै साझे ठाउँ हुनु पर्छ, जहाँ यिनीहरू भेट घाट गरी आफ्नो भेदभाव हटाएर संगठित रूपले बस्नसकुन् । यो काम आज हामीले स्थापन गर्नलागेको संस्थाबाट मात्र हुनसक्छ ।

भाइ हो ! तपाईंहरूका मनमा पनि यस्तो संस्था स्थापन गर्नै पर्छ भन्ने विचार उत्पन्न भएकै छ भने आउनु होस् यो भावी सन्तानको उद्धारका निमित्त स्थापित हुन लागेका संस्थाका व्यवस्थापकहरू सँग मिल्नु होस् । म तपाईंहरूको विचार सँग पूर्ण सहानुभूति राख्ने चेष्टा गर्नेछु । तपाईंहरूले जसरी जिल्लाका जातिहरू मध्येका सर्वश्रेष्ठ व्यक्तिहरू भेला भई आजको यो सभालाई सुशोभित गर्नुभएको छ उसै गरी यो भावी सन्तानका उद्धारका निमित्त स्थापन गर्नलाग्नु भएको संस्थाको पनि फेरि विचारपूर्ण मनले सुशोभित गरिदिनु होस् । मेरो यो सविनय प्रार्थना छ । यति भनी म तपाईंहरूलाई धन्यवाद दिएर आज्ञा हुन्छ भने बस्नचाहन्छु ।

सभापतिका भाषणको समर्थन गर्दै निम्नलिखित सज्जनहरूले पनि व्याख्यान दिनुभयो (जो यसै पत्रमा अन्यत्र छापिएका छन्)

(१) लेफ्टनेन्ट गोवर्द्धन गुरुङ
(२) श्री मोतीचन्द प्रधान, बी. ए.
(३) सर्दार बहादुर हन्जीत देवान राई
(४) रेभः कालू सिंह पिटर्स
(५) श्री नरभूप राई
(६) मिस्टर जोम्बे पावल
(७) श्री मङ्गल सिंह लामा
(८) श्री हेम नारायण प्रधान, बी. ए.
(९) श्री दीलबहादुर छेत्री
(१०) श्री जीतमान छेत्री

यस पछि सभामा निम्नलिखित प्रस्ताव पेश गरियो—

" नेपालो, भोटे र लापचे भाइहरूमा भ्रातृभावको

जागृति गराउँन र यी तीन जातको सामाजिक उन्नति गराउनलाई यो दार्जीलिङ्ग शहरमा—कालिम्पोंग खरसांग आदि मुख्य स्थानमा शाखा संस्था समेत राखी—एउटा 'हिल-पिपल्स सोसियल यूनियन' नामक संस्था स्थापित होस् ।"

प्रस्तावक—श्री पारसमणि प्रधान,
एफ आर. जी. एस.

समर्थक—श्री ए. जे. देवान, बी. ए.

सर्वसम्मतिले स्वीकृत

सदारले भन्नु भए झैं भन्नुपर्ने कुरा ता अघि अधिका विद्वान् वक्ताहरूले भनिहाले। तर पनि केहि ता भन्नै पऱ्यो । आज यहाँ हामी दार्जीलिङ्ग निवासी तीन जातका पर्वतवासीहरू अर्थात् नेपाली, भोटे र लापचेहरू भेला भएका छौं । यिनका विषयमा कोही ऐतिहासिक विषय भनूँ भने म इतिहासको विद्वान् होइन । म आफूलाई एउटा क्षुद्र भूगोल प्रेमी, साहित्य

श्री पारस मणि प्रधान, एफ. आर. जी. एस. (लन्डन) एम. आर. ए. एस. (लन्डन) [*Photo by Kai Studio, Kalimpong*]

उपरोक्त प्रस्ताव पेश गर्दा श्री पारसमणि प्रधानले निम्नलिखित व्याख्यान दिनु भयो—

मान्यवर सभापति तथा उपस्थित दाज्यु भाइहरू !

म के भनूँ ? श्री जीतमान छेत्री सेवी तथा तपाईंहरू मध्येको एउटा सेवक हूँ भन्ठान्छु । यसकारण म आज यिनै तीन विषयका आधारमा लेखिएका तीन कुरा तपाईंहरूका समक्ष टक्र्याउन चाहन्छु ।

मेरा यी तीन कुरा यिनै हुन्—

(१) नेबुला, (२) भूगोलको झुमुर र (३) फेरिको ओंकार ।

मेरो पहिलो विषय हो "नेबुला"। यो ल्याटिन शब्द हो । सौरजगत्को सृष्टि नै नेबुलाबाट भएको हो भनी आधुनिक विज्ञानवेत्ताहरूले प्रमाण गरेका छन् । एक छिनका लागि आकाश तिर दृष्टि घुमाउनोस् । ती लाखौं ताराहरूको जन्म कसरि भयो ? सूर्य्य र पृथिवी कसरि बनिए ? ताराहरूको जन्म नेबुलाबाट भयो औ इनै ताराहरू आकर्षण शक्तिका भरमा फनफनी रिङाउँदा ठोकिएर सूर्य्य र पृथिवी जस्ता ग्रहहरू बनिए । सजिलो भाषामा के भने जो बादल आकाशमा हामीहरू देख्छौं त्यो बिस्तार बिस्तार गरी खाँदिदै जान्छ । यसो हुँदा हुँदा सो बादल एउटा कड़ा गोला जसतो बन्दछ र जसरी पृथिवी र ताराहरू सूर्य्यका वरिपरि फनफनी घुम्दछन् उसरी यी गोला पनि घुम्नलाग्दछन् । यो बादलबाट बनेको गोलाको ल्याटिन नाउँ हो "नेबुला"। यस्ता नेबुलाहरू जति अरु तारा वा सूर्य्य वा पृथिवी सँग फनफनी रिङाउदा ठोकिन्छन् उति नया नया ताराहरूको जन्म हुन्छ औ यस्ता नया ताराहरूबाट सूर्य्य र पृथिवी जस्ता ग्रहहरू पनि जन्मन्छन् ।

यसबाट नेबुला भन्ने वस्तु अनेकौं ताराहरू तथा सूर्य्य र पृथिवी जस्ता ग्रहका जन्मदाता रहेछ भन्ने स्पष्ट हुन्छ । औ अझ गहीरो गरी विचार गरेर हेर्नुभयो भने यो नेबुलामा आज भेला भएका तीन जातका पर्वतवासीहरू अर्थात् नेपाली, बुटिया र लापचेहरू पनि पाउनुहुने छ । मेरो भन्नुको तात्पर्य्य के भने नेबुलाको 'ने' ले नेपाली 'बु' ले बुटिया र 'ला' ले लापचे बुझाउँछ ।

हामी ता भोटिया हौं, 'बु' ले कसरी भोटिया बुझाउनसक्छ भनी कसैले सोध्नु होला । यस सम्बन्धमा विद्वान् बी. एच. होज्सन साहेबले एउटा लेखमा यस्तो लेखेका छन्—

"The term *Bhot* is the Sanskrit, *Tibet* the Persian name, *Bod* the native one, but probably only a corruption of the first term, and, if so, the Tibetans had not any general name for themselves (*Bodpa*) or their country when their Indian teachers first came among them in the 7th century A. D.

[*Asiatic Researches, Vol. XVI (1828) P. 409*]

यसबाट 'भोट' शब्द संस्कृत रहेछ भन्ने स्पष्ट हुन्छ तर भोटे अक्षरमा 'भ' न भएको हुनाले 'ब' ले नै सो काम चल्द छ । भोटे साँवे अक्षरका प्रत्येक वर्गमा चार अक्षर मात्र हुन्छन् । क ख ग ङ, च छ ज ञ, प फ ब म इत्यादि । यसकारण 'नेबुला' को 'बु' ले बुटिया अर्थात् भोटे बुझाउनु बेमुनासिब न होला । मेरो यो भन्नुको मतलब के भने सूर्य्य, पृथिवी जसता ग्रहहरू जन्माउने "नेबुला" मा पनि हामी नेपाली, भोटे र लापचेहरू नै रहेछौं ।

प्रियवर ! हामी नेपाली, भोटे र लापचेहरूको हालसालको अवस्था त्यै नेबुलाको जस्तै छ । हामी बिस्तार बिस्तार एकत्र भई खाँदिदै जाँदै छौं औ यो धरणीको चक्रमा घुम्दा हुँदि हामीले ठक्कर पाइसकेका छौं वा पाउँदा छौं । यसो हुँदा हामीमा अनेक नीमा, दावा, लाकपा, पासाँग, पेम्बा [अर्थात् सोमदत्त, मङ्गलनारायण, बुधे, चन्द्रबीर जस्ता ग्रहहरू जन्मँदा छन् । कति सूर्य्य, पृथिवीहरू जन्मिसके औ जन्मने छन् । यसबाट हामी कतिका प्रयोजनीय रहेछौं भन्ने स्पष्ट हुन्छ ।

मेरो दोस्रो विषय हो "भूगोलको

झुमुर"। दार्जीलिङ्गमा भरखर भइरहेको हलचल मद्धे व्रतचारीको हलचल मुख्य हो भने हुन्छ। व्रतचारीहरूले नाचेको झुमुर नाच तपाईंहरू मध्ये धेरैले देखिसक्नु भएको छ। झुमुर नाचमा एकताको भाव र त्यसबाट प्राप्त हुने बल स्पष्ट देखिन्छ। यसो भन्दा मलाई हाम्रा मान्यवर लेफ्टनेन्ट साहेबले भन्नुभएको हाम्रा गाउँ बस्तीमा रहेका नेपाली, लापचे र भोटे हरूका बीचमा भएको प्रेमभावको सम्झना हुन्छ। हिजो आज कालिम्पोंग सब-डिभिजन र रेलिङ्गका कुना कुनामा जानुहोस्। हाम्रा नेपाली, भोटे र लापचे बस्तीवालाहरू कसरी हातेमालो गरी धान नाचिरहेको देख्नुहुनेछ। हामी सहरियाहरूलाई तिनको शुद्ध प्रेम बुझ्न र सीक्न धेरै समय लाग्नेछ। मेरो यो भूगोलको झुमुर नाच बुझ्नलाई एक छिन दार्जीलिङ्गको भूगोलको विचार गरिदिनुहोस्। यो दार्जीलिङ्गको भौगोलिक अवस्था कसतो छ? यता भोटेहरूको भोट, उता गोर्खालीहरूको नेपाल औ अर्का तिर लापचेहरूको मुलुक। औ हामी भोटे, गोर्खाली र लापचेहरूको आज यो ठाउँमा भेट। झुमुर नाचमा जसरी हातेमालो गरी हामी उभिन्छौं नाच्छौं उसरी भूगोलको दृष्टिले हामी हातेमालो गरे जस्ता भई बसेका छौं।

यो भन्दा पनि ठुलो विचार गर्नु पर्ने कुरा के छ भने जसरी "नेबुला" मा हामी नेपाली, भोटे र लापचे छौं उसरी यो "भूगोल" को झुमुरमा पनि हामी भूटिया, गोर्खाली र लापचे छौं। अर्थात् भूगोलको 'भू' ले भूटिया, 'गो' ले गोर्खाली औ 'ल' ले लापचेहरू बुझाउँछन्। भूगोलको 'ल' ले हाम्रा लापचे भाइहरू अलि खिइँदै आएको बुझाउँछ तर हामी तीन भाइले हाते मालो गरी सांसारिक नाचमा अघि सारेका खण्डमा हाम्रा लापचेभाइहरूले कुनै प्रकारको अफसोस गर्नुपर्ला जस्तो मलाई ता लाग्दैन।

मेरो तेस्रो विषय हो "फेरिको ओंकार"। ॐ शब्दको अर्थ तपाईंहरू सबैलाई थाहा छ। भोटेहरू ईश्वरको नाउँ जप्दा 'ओं मणि पद्म हुँ रि' भन्छन्, लापचेहरू पनि उसै भन्छन् औ नेपालीहरू 'हरि ॐ' भन्छन्। अर्थात् ॐ यो हामी तीनै जातले मानेको शब्द हो। ॐ को शक्ति अपार छ। यसका बारेमा आचार्य पुष्पदन्तले आफ्नो महिम्नस्तोत्रमा यसो भनेका छन्—

त्रयी तिस्रो वृत्तीस्त्रिभुवनमथो त्रीनपि सुरान्।
अकाराद्यैर्वर्णैस्त्रिभिरभिदधत् तीर्ण विकृति॥
तुरियं ते धाम ध्वनिभिरवरुन्धानमणुभि।
समस्तं व्यस्तं त्वां शरणद गृणात्योमिति पदम्॥

अर्थात् ॐकारका तीन रूप 'अ उ म' ले तीन वेद, तीन अवस्था (जाग्रत, स्वप्न, सुषुप्ति), त्रिभुवन (स्वर्ग, मर्त्य, पताल), त्रिदेव (ब्रह्मा, विष्णु, महेश) बुझाउँछ, इत्यादि।

ब्रह्मपुराणमा यस्तै कुरा लेखिएको छ—

त्रयोलोकास्त्रयो वेदास्त्रैलोक्यं पावकास्त्रयः।
त्रैकाल्यं त्रीणि कर्माणि त्रयो वर्णास्त्रयो गुणाः॥

अर्थात् ओंकारले तीन लोक, तीन वेद, तीन अग्नि, तीन काल, तीन कर्म, तीन वर्ण र तीन गुण बुझाउँछ। हिन्दू शास्त्रमा के लेखिएको छ भने ब्रह्माले बड़ो शोच विचार गरी अक्षरको चिन्ता गर्दा हुँदि उनका कण्ठबाट पहिलो अक्षर ॐ निस्क्यो औ त्यसैबाट तीन वेद बनिए।

कुनै राम्रो काम गरेका ठाउँमा एक आध दुष्ट जहीं पनि हुन्छन्। यो देवताका

पालादेखि भइआएको कुरा हो । वेद बनिसके पछि एउटा शंखासुर भन्ने दैत्यले सो वेदहरू चोरेर पातालमा लगेछ । विष्णु भगवान्‌ले माछाको रूप धारण गरी सो दैत्यलाई मारेछन् औ त्यस पछि तिनले हड्डीको शङ्ख फुकेछन् । सो शङ्खबाट ओंकारको ध्वनि निस्कँदा पातालबाट जम्मै वेद निस्केछन् । शङ्ख फूक्दा ओंऽ गरेर जो शब्द निस्कन्छ त्यो ओंकार हो । यो ओंकारको शक्ति महान् छ । यसैकारण हिन्दूहरू बिहान बेलुका शंखध्वनि लाउँछन् । भोटे लापचेहरूमा पनि यो प्रथा प्रचलित छ । हाम्रा खृश्चियन-भाइहरू घण्टी सम्म बजाउँछन् । पूजा आजामा शङ्ख फूक्नु वा ॐ को जोर सित उच्चारण गर्नु एकै हो । ओंकार सब भन्दा पहिलो शब्द हो औ यो ईश्वरको सब भन्दा उपयुक्त औ वैज्ञानिक नाउँ हो ।

हाम्रा जोगीहरू राती फेरी [illegible]लाएर (अर्थात् मान्छेको नलीहाड़को बनाएको हड्डीको शङ्ख फूकेर) मरेका मसानहरू जगाउँछन् । यसको मतलब बड़ो गहीरो छ । हामी नेपाली, भोटे र लापचेहरू पनि अहिले अन्धकारमा परेका जस्ता छौं । संसारका अरु भाइहरूको अवस्था हेरी हामी प्रायः मरेका जस्ता छौं । तपाईंहरूको आज्ञा हुन्छ भने मलाई आजको सभामा फेरीवालको पार्ट लिनदिनुहोस् । म यस्तो फेरी लाउँनचाहन्छु अर्थात् यस्तो ओंकारको ध्वनि गर्नचाहन्छु कि हाम्रा प्रायः मरिसकेका औ अन्धकारमा परेका नेपाली, भोटे र लापचे भाइहरू पातालमा पसेका वेद-हरू जस्तै यो मर्त्यलोकमा जागेर आउनसकुन् ।

भ्रातृवर्ग ! यति भनी म हाम्रा नेपाली, भोटे र लापचेहरूलाई जगाउँने अभिप्राय लिई यो प्रस्ताव तपाईंहरूका समक्ष उपस्थित गर्छु । यसलाई विष्णु भगवान्‌को शंखध्वनि वा जोगीको फेरी जस्तै ठानी यसको कदर गरिदिनु होला भन्ने ठुलो आग्रह छ । अस्तु, नेपाली, भोटे र लापचे भाइहरूमा भ्रातृभावको जागृति गराउनालाई यो दार्जीलिङ्ग शहरमा—कालिम्पोंग खरसांग आदि मुख्य स्थानमा शाखा संस्था समेत राखी—एउटा 'हिल पिपल्स सोसियल यूनियन' नामक संस्था स्थापित होस् ।

Mr. Rup Narain Sinha, B. A, B. L.

तल लेखिएका महानुभावहरू यूनियनका कार्य्यकर्ता छानिए—

सभापति—सर्दार बहादुर एस. डबल्यू लेडनला, सी. बी. ई, एफ आर. जी. एस.

प्रस्तावक—श्री रूपनारायण सिंह, बी. एल.

समर्थक—श्री कृष्णबहादुर गुरुङ, बी. टी.

सर्वसम्मतिले स्वीकृत

उपरोक्त प्रस्ताव पेश गर्दा श्री कृष्ण बहादुर गुरुङ महोदयले निम्नलिखित भाषण गर्नुभयो—

सभापति महोदय तथा उपस्थित सज्जनगण,

मेरा मित्र श्री रूपनारायण सिंह महोदयको प्रस्तावलाई समर्थन गर्नु भन्दा अघि म तपाईंहरूका समक्ष एउटा सामान्य कुरा गर्न चाहन्छु । यस्तो सभामा कुनै कुरा होस् पास गर्नुपर्दा एक जनाले प्रस्ताव गर्ने औ अर्कोले समर्थन गर्ने चाल छ तर जुन प्रस्तावको समर्थन म गर्नलागिरहेछु सो प्रस्ताव बड़ो गहीरो हिसाबले विचार गर्नु पर्ने देख्छु । जस्तो संस्था आज तपाईंहरूले स्थापित गर्ने साहस गर्नुभएको छ त्यसको सभापतिको आसन साधारण व्यक्तिले ग्रहण गरेर होला जस्तो मलाई लाग्दैन । यस्तो महान् संस्थाका सभापतिको आसन ग्रहण गर्ने लायकका योग्य व्यक्ति हाम्रा मित्रले प्रस्ताव गर्नुभएका महानुभाव नै हुनुहुन्छ, यसमा केही सन्देह छैन । सर्दार बहादुर एस् डबल्यू लेडनला महोदयको नाउँ न सुन्ने व्यक्ति यस ठाउँमा कोही होला भने जस्तो मलाईता लाग्दैन । वाहाँले जति काम गर्नुभएको छ, गर्दै हुनुहुन्छ औ गर्नुहुनेछ सो सबैमा विदितै छ । हाम्रो यो यूनियनको काम राम्ररी चलाउनु हो भने औ हाम्रो भावी सन्तानको उद्धार साँचिनै गर्ने हो भने यो यूनियनको सभापतिका लागि म ता सर्दार बहादुरलाई नै योग्य व्यक्ति देख्छु किनभने वाहाँको विशाल अनुभव, हामी माथि वाहाँको प्रगाढ़ प्रेम र समाजका भाइरू माथि वाहाँको पूर्ण प्रभावले गर्दा यो संस्था को काम वाहाँको हातबाट सुफल हुनेछ भन्ने दृढ़ विश्वास छ ।

यसर्थ सभाको आज्ञा हुन्छ भने म मेरा मित्रको योग्य प्रस्तावलाई हृदयले समर्थन गर्छु ।

सर्वसम्मतिले स्वीकृत

उपसभापति—लेफ्टनेन्ट गोवर्द्धन गुरुङ र डाक्टर येन सिंह, के आइ एच.

प्रस्तावक—श्री नरभूप राई

समर्थक—श्री इन्द्रदेव सिंह

सर्वसम्मतिले स्वीकृत

Mr A. J. Dewan, B. A.

मंत्री—श्री रूप नारायण सिंह, बी ए, बी एल.

प्रस्तावक—डाक्टर मदन थापा

समर्थक—राई साहेब टेन्डुफ ला

सर्वसम्मतिले स्वीकृत

मंत्रीहरू—श्री पारसमणि प्रधान. एफ आर. जी. एस्., एम. आर. ए. एस्.

र श्री ए. जे. देवान, बी. ए.

प्रस्तावक—श्री रेभ. कालू सिंह पिटर्स
समर्थक—मिस्टर टी. वाङ्दी, बी. एल.
सर्वसम्मतिले स्वीकृत

कोषाध्यक्ष—श्री हर्कमान राई
प्रस्तावक—श्री लेफ्टनेन्ट गोवर्द्धन गुरुङ
समर्थक—श्री मीतीचन्द प्रधान, बी ए.
सर्वसम्मतिले स्वीकृत

कार्य्यकारिणी समितिका सदस्यहरू—
सर्दार बहादुर हन्जीत देवान राई, श्री मोतीचन्द प्रधान, बी. ए, रेभ० कालू सिंह पिटर्स, राई साहेब सी. टेन्डुफला, डाक्टर मदन थापा, एल. एम. एस, एल डी एस्सी, श्री कृष्ण बहादुर गुरुङ, बी. एस्सी. बी. टी, मिस्टर टी. वाङ्दी, बी. ए बी, एल, श्री चन्द्रबहादुर कुमाई, बी. ए, श्री इन्द्रदेव सिंह, मिस्टर डबल्यू डी. लेडनला, श्री काजीमान राई, श्री मानबहादुर थापा, लामा नीमा नोर्बू, मिस्टर छुम्बे छिरिंग; मिस्टर लूक सुज्ञान प्रधान र मिस्टर एन बी राई।

प्रस्तावक—डाक्टर येन सिंह, के. आइ. एच.
समर्थक—श्री हर्कमान राई

अर्को प्रस्ताव—यो सभामा यूनियनका नियमावलि बनाउनालाई कार्य्यकारिणी समिति-लाई आफू मध्येका कति जनाको एउटा सेलेक्ट कमिटि छान्ने अधिकार दिन्छ।

प्रस्तावक—श्री मोतीचन्द प्रधान,
समर्थक—श्री छुम्बे छिरिङ्ग
सर्वसम्मतिले स्वीकृत

सभापतिले आखिरमा निम्नलिखित व्याख्यान दिनु भयो—

भाइ हो!

म अब आजको हाम्रो यो प्रयोजनीय विवेचनाका लागि एकत्र भएको यो सभा बर्खास्त गराउँन चाहन्छु।

आज हामीले जुन उत्तम हिसाबले आजको यो सभामा वादविवाद र विवेचना गर्‍यौं त्येसका लागि हामीले आफूलाई अभिनन्दन गर्न सुहाउँछ। साँचि भनौं भने आजको यो सभामा यस्तो सहायता र उत्सुकता पाउँला भन्ने मलाई विश्वास थिएन। भाइ हो, तपाईंहरूले हाम्रो समाजको उन्नतिका निमित्त गर्न खोजेको कामलाई जुन हिसाबले सन्मान पूर्वक स्वागत गर्नुभयो त्यो मैले चिताएको भन्दा बढ्तै भयो। हामी पर्वतवासीहरूको महान् कार्य्यको प्रारम्भ जस्तो गरी गरियो, उसै गरी पछि सम्म बलियो र दृढ़ भै अवश्य चल्ने छ। औ चाँड़ै नै हाम्रा भिन्न भिन्न जातिका भाईहरूको एउटा संगठित संस्थाको काम राम्ररी चल्न थाल्ने छ। हाम्रो भविष्य ढुलो छ औ तपाईंहरूको सहायताले यो ठुलो कामको फल चाँड़ै नै देख्न पाइएला भन्ने दृढ़ विश्वास छ।

आजको यो सभामा अनेक वक्ताहरूले विभिन्न उपयोगी विषयमा व्याख्यान दिए बमोजीम हामी नेपाली, भोटे र लापचेहरूमा भ्रातृभावको संचार गरी गाउँ बस्तीमा रहेको प्रेमभावलाई अझ जगाएर शहर शहरमा पनि सो प्रेमभावलाई कार्य्यरूपमा परिणत गराउँनु परेको छ। औ यो महान् कार्य्य आज तपाईं हामीले स्थापन गरेको यो यूनियनले चाँड़ै नै सफलतापूर्वक गर्नसक्ने छ औ हामी तीन जातका भाइहरूमा भएको साना ठुला अनबनलाई निमिट्यान्नै पारी मेटाउँन सक्ने छ। यसमा केही संशय छैन।

यो संस्थाका कार्य्यकर्त्ताहरूको चुनाव जुन उत्तम रीतिले गर्नुभयो तेसका लागि म तपाईंहरूको हार्दिक अभिनन्दन गर्छु । मान्छे सुहाउँदो कामको विचार गरी ठीक ठाउँमा ठीक मान्छे छान्नुभएको छ औ यसता समाजका लागि निस्वार्थ भावले काम गर्ने उदाहरणीय कार्य्यकर्ताहरूको सहयोगले यो संस्थाले सार्वजनिक सन्मान औ प्रशंसा चाँडै नै प्राप्त गर्नेछ ।

म बस्न भन्दा अघि एउटा आर्को उपयोगी कुरा तपाईंहरूलाई सुनाउनचाहन्छु । तपाईंहरूका मुख्य मुख्य भाइहरूले यूनियनका लागि छानेका तीन रङ्ग पहेंलो, नीलो र रातो आजको ब्याजबाट पत्ता लागिसकेको छ । यी रङ्गले हिन्दूहरूका मूल देवता 'ब्रह्मा, विष्णु र महेश्वर', बौद्धहरूका मूल मन्त्र 'बुद्ध, धर्म र सङ्घ' औ खृस्चियनहरूका 'एकत्व' बुझाउँछन् । यी रङ्गले हामी तीन जातको सँगठन पनि बुझाउँछ । यस्ता तीन रंगका माझमा भएको 'यूनियन ज्याक' ले ब्रिटिश राज्य सँगको हाम्रो सम्बन्ध बुझाउँछ ।

यूनियनको सलाम र भित्री संकेत

दाइने हातका माझका तीन औंला छुट्याएर टाढो पार्नू औ बुढ़ी औंलाले कान्छी औंलालाई थिच्नू । माझका तीन औंलाले हामी तीन भाइ नेपाली, भोटे र लापचे बुझाउँछ औ बुढ़ी औंला र कान्छी औंला जोरेकोले हाम्रो एकता बुझाउँछ । यो एकता हाम्रा सम्राट् र ब्रिटिश राज्यका निमित्त हो । यो चिन्ह भएको हाम्रो एउटा ब्याज बन्ने छ औ त्यस ब्याजको नाड़ीमा राजा र राज्यका निमित्त (For King and Country) भन्ने शब्द रहने छ । माझका तीन औंलामा "ने-बु-ला" अर्थात् नेपाली, भोटे र लापचे रहने छ ।

भाइ हो, आजको यो सभामा हामीले जुन महान् कार्य्यको भार उठायौं तेसका लागि पनि म तपाईंहरूलाई धन्यबाद दिन्छु । हामीले उठाएको यो भार हाम्रै समाजको भलाईको लागि मात्र होइन तर हाम्रा छर छिमेकका लागि पनि हो । हाम्रो भाव संकुचित हुनुहुँदैन । हामीले यो दार्जीलिङ्गमा रहेका हाम्रा अरु भाइहरू प्रति पनि प्रेमभाव देखाउनुपर्छ ।

भाइ हो, तपाईंले हाम्रो यो यूनियनको सलाम गर्ने विधिलाई स्वीकार गर्नुभयो यसका लागि म तपाईंहरूलाई धन्यबाद दिन्छु औ साथै साथ हाम्रा प्रिय सम्राट् र यूनियन ज्याकलाई हाम्रो यो 'यूनियन स्यालुट' ले एक पल्ट उठेर सलाम गरौं भनी निवेदन गर्छु । (सबैले उठेर सहर्ष सलाम गरे)

यति भए पछि सभपतिलाई धन्यबाद चढ़ाई सभा विसर्जित भयो ।

प्रस्तावक—डाक्टर मदन थापा
समर्थक—श्री मोतीचन्द प्रधान

श्री लेफ्टनेन्ट गोवर्द्धन गुरुङको भाषण

मान्यवर सभापति औ दाज्युभाईहरू,

ऐले सभापतिबाट हामी नेपाली, भोटे औ लापचेहरूको भविष्य सपार्नुको लागि यौटा संस्था हुनुपर्छ भन्ने जो आज्ञा भयो सो म खूब मुनासिब ठान्छु । कारण हामी पर्वतवासीहरूको बीचमा पहाड़ बस्तीमा अघि देखि बहुत राम्रो मिलजुल भएर आएको छ ता पनि शहरमा आजकालको नयाँ हावाले गर्दा भविष्यमा केही अनबन पो होला कि जस्तो लाग्छ । हाम्रो पहाड़ गाउँ घरमा हाम्रा मान्छेहरूका बीचमा यस्तो भएको देखिंदैन औ भविष्यत्मा पनि हुने छैन तर शहरको कुरा भिन्दै हो । यहाँ शहरमा हामी पर्वतवासीहरूको मिलेको कुनै एउटा संस्था आज सम्म न भएको हुनाले औ यी तीन जातका मानिसहरू आफ्ना आफ्नै संस्था मात्र चलाएर बसेका हुनाले भविष्यमा यिनीहरूले कतै आपसमा अनबन हुने कुरा ता न गर्लान् ?

सर्दार बहादुर लेफ्टनेन्ट गोवर्द्धन गुरुङ, ए. डी. सी. (बंगाल लाठ)

भन्ने मेरो यौटा शंका मात्र हो । यो शंका मैले तीन कारणले गरेको हुँ । औ यस बारेमा म तपाईंहरू सँग तीन कुरा गर्न चाहन्छु ।

१। मेरो पहिलो कुरा—

आजकल हामीहरूका बीचमा आफ्नो आफ्नो जात औ धर्म्मका भिन्दा भिन्दै एशोसिएसनहरू भएका हुनाले कुनै यौटा एशोसिएसनले आफ्नो समाज वा धर्म्म सम्बन्धी केही कुरा वा काम गऱ्यो भने अर्का समाजका भाइहरूका मनमा चीसो पसे जस्तो हुनजान्छ । जस्तै गोर्खा एशोसिएसनले सबैको भलो हुने कुनै सामाजिक कुरा उठायो भने बुद्धिष्ट एशोसिएसनले के हो कसो हो भन्ला जस्तो शंका पर्नजान्छ । उस्तै अरु समाजले गरेको काममा गोर्खा एशोसिएसनले शंका गर्ला जस्तो बुझिन्छ । यस्तो शंका हामीहरूका बीचमा हुनु कदापि उचित होइन औ यस्ता शंकालाई हटाउनका लागि हामी तीन जातको यौटा मिलेको कुनै सामाजिक संस्था हुनु बड़ो आवश्यक छ ।

२। दोस्रो कुरा—

अङ्गरेज सर्कार जस्ताका छत्र-छायामा बसेर पनि हामी नेपाली, भोटे र लापचेले यस ठाउँमा आज सये वर्ष भन्दा बढ़्तामा पनि केही उन्नति गर्न न सकेको मुख्य कारण मेरो तुच्छ विचारमा ता हाम्रो बीचमा यस्तो मिलजुल गर्ने संस्था आज सम्म न भएकोले नै हो भन्ने लाग्छ । किनभने हामी भन्दा पछि आउने अरु जातका भाइहरूले आफ्नो सामाजिक बन्धन र सुधारमा एक मतका भई लागेको हुनाले आज तिनीहरूको उन्नति हाम्रो भन्दा धेरै गुना बढ़्ता भएको देखिन्छ । नमुनाको लागि हाम्रा ४०।५० रू० मासिक कमाउँने भाइ र उनीहरूको उति नै कमाउने भाइलाइ लिनुहोस् । सँग सँगै काम गर्ने अन्य जातका भाइले आफ्नो जीविका राम्ररी चलाएर पनि १५।१६ वर्षको बाद १०।५ हजारको जायदाद जुटाएको देखिन्छ । हाम्रा भाइहरूको—खास गरेर हामी शहरवासीहरूको दशा भने २।४ जनालाई छोड़ेर—बड़ो शोचनीय भएको देखिन्छ । यो तपाईंहरू सबैले प्रत्यक्ष देखेको कुरा हो ।

अझ पनि हामीले चेतेनौं भने औ हामी तीन जातले एक भई बस्ने केही उपाय सोचेनौं भने हरएक बातमा जो नोकसान ऐले सम्म हामीले भोगिरहेका छौं सो पछि सम्म पनि यस्तै रहने छ । यो भन्दा पनि अझ गए बीतेको हालतमा हामीले रहनुपर्ने छ । हाल सालमा यहाँ सम्म भन्नशकिन्छ कि हामीहरू ता परदेशीहरूको सुसार गर्न सम्म मात्र यहाँ जम्मा भएर बसेका रहेछौं क्यार । हामीहरूले आफ्नो उन्नति गर्नुभनेको के हो सो २।४ भन्दा बाहेक अरुले शायदै ख्याल गरेको होला । यदि आपसमा अघि देखि हामीहरूले एकताको मूल्य बुझेर मेल मिलाप गरी यो शहरमा बसेका भए हाम्रो यस्तो अधोगति कदापि हुने थिएन । हाम्रा नवयुवकहरूमा इलम, विद्या केही बढ़्दै छ ता पनि हामीहरूमा एकता गर्ने साधन ऐले सम्म न भएको बुझिन्छ । हामीहरूका बीचमा यसरि मेल मिलाप गरेर बस्ने औ बातचीत गर्ने ठाउँ सम्म पनि न भएको हुनाले याहाँ हाम्रा सर्दार बहादुर S. W. Laden La र हामीहरू कति जना बसी छलफल गर्दा एउटा Club जस्तो संस्था खोल्नपाए बढ़िया हुँदो हो भन्ने विचार हुँदा आज तपाईं हामी यहाँ मेला भएका हौं । यस कुरामा

जो गर्नुपर्ने हो सो तपाईंहरूले पनि गहिरो हिसाबले विचार गर्नु हुन्छ । मेरो तुच्छ विचारमा ता यस्तो संस्था एउटा स्थापित गर्नशके हामीहरूमा प्रेम भाव र मेल मिलाप धेरै नै बढ्ने थियो औ हामी मद्धे कत्ति विद्याहीनहरूले पनि हाम्रा कत्ति विद्वान् भाइ हरूको सत्संगत पाई दुनियाँमा भएका ठुला साना कुरा केही बुझ्न सक्ने थियौं औ हाम्रो यसरी नै केही उन्नति अवश्य हुने थियो ।

३ । मेरो तेस्रो कुरा—

यस्तो संस्था खुल्नाले हाम्रा अरु भएका संस्थालाई केही बाधा पर्न जाला कि भन्ने शंका हाम्रा कति भाइहरूले गरे जस्तो बुझिन्छ । तर मेरो विचारमा ता यस्तो न होला जस्तो लाग्छ । बरु हामी तीन जातका भाइहरूको मेल हुने यस्तो संस्था खुल्नाले हाम्रा अरु अरु संस्थाहरूलाई (अर्थात् Gorkha Association, Budhist Association, Dukkha Nibarak Sammelan, Mano Binode Library, Lepcha Association इत्यादिलाई) अझ सहायता पो होला । हाम्रा यी भएका संस्थाहरू यो यूनियनको अधीनमा कैले पनि हुने छैनन्, किनभने यो संस्था ता यौटा Club जस्तो मात्र हुनेछ । यसमा अरु अरु संस्थाका सदस्यहरू व्यक्तिगत हिसाबले मेम्बर हुनसक्ने छन् तर कुनै संस्था नै जम्मै यो Union को अधीनमा सम्मिलित हुनुपर्छ भन्ने कुरा यसमा छैन । यो मेरो कुरामा विश्वास गर्नुहोस् । यो यूनियनको नियम बनाउँदा हुँदि यी माथि भनेका हाम्रा अरु अरु संस्थालाई कुनै प्रकारले बाधा न पर्ने तर जहाँ सम्म हुनशक्छ सहायता दिने कुरा सो नियममा स्पष्ट जाहेर गर्नुपर्छ भन्ने मेरो सल्लाह छ ।

प्रिय दाजु भाइ हो ! यस्तो यौटा बलियो संस्था खुल्नाले हामी पर्वतवासीहरूले परिआएका खण्डमा सर्कारलाई उचित हिसाबले सहायता गर्न र रिझाउनशक्ने छौं । यो बाहेक अरु परदेशी भाइहरू सँगको हाम्रो सम्बन्ध पनि अझ बलियो हुनेछ । यस्तो उपयोगी संस्था खुले पछि यसलाई चिरस्थायी गराउँने कुरा आएका खण्डमा हाम्रा सर्दार बहादुर S. W. Laden La जस्ता योग्य Leader सँग लाग्नाले हामीलाई धन, जन औ बलमा हर तरहले सहायता हुनेछ, यसमा केही सन्देह छैन । वाहाँले आफ्नो उमेर, बुद्धि र पैसाका बलले हाम्रो यो संस्थालाई अवश्य उन्नतिका शिखरमा पुऱ्याई छोड्ने छन् भन्ने आशा छ ।

श्री मोती चन्द प्रधान, बी. ए., डिप्टी म्याजिस्ट्रेटको भाषण ।

सभापति महाशय, अरु दाजुभाइहरू,

आज जुन संस्थाको जग बसाल्न हामी लागिरहेछौं त्यो संस्थाका उद्देश्यहरूको उपयोगिताका विषयमा मेरा अग्रवक्ताहरूले यथेष्ट बयान गरिसकेका छन् । तसर्थ मैले यस विषयमा अरु बयान गर्नु अनावश्यक छ । तै पनी यस संस्थाको महत्व प्रति तपाईंहरूको हृदय आकर्षित गराउनाका लागि मेरा मनमा लागेका एक दुइ कुरा तपाईंहरू छेउ चढ़ाउँछु ।

यो संस्थाका उद्देश्यहरू ठुला ठुला

औ खूब उपयोगी छन । ती उद्देश्यहरू साधन गर्नसकियो भने हामी पार्वतीय जाति-हरूको घेरै विषयमा उन्नति लाभ हुनेछ, यसमा सन्देह छैन । यी सबै कुरा तपाईंहरूको सहानुभूति र संस्था चलाउनालाई चुनिने कर्मचारीहरूका भरमा छन् ।

भिन्न संस्थाले आफ्नो आफ्नो काम मात्र साधन गर्नलाग्दा एउटा संस्थाको काम-कार्रवाइ माथि अर्का संस्थाका मनमा शंका पर्नजान्थ्यो । कुनै एक संस्थाले अघि पछि न हेरी आफ्नो उद्देश्य माथि मात्र नजर राखी अघि बढ्दा अरु छिमेकि-संस्था सित

Mr. Moti Chand Pradhan, B. C. S.

हामी पार्वतीय जातिहरूका बीचमा भिन्न भिन्न जातिका आफ्ना आफ्ना पृथक् संस्थाहरू छन् तर हामी सबै पार्वतीय जातिहरूलाई एकचित्त गराउने संस्था अझ सम्म खडा भएको थिएन । यसो हुँदा प्रत्येक

ठक्कर लाग्ने सम्भावना पनि थियो औ छ । तसर्थ जस्तै भिन्न भिन्न राज्य (Nation) हरूका बिचमा सामञ्जस्य गराउन अन्तर्जातीय संस्था (League of Nations) को आवश्यकता थियो, उस्तै हाम्रा बीचमा पनि

सबै पार्वतीय जातिहरूका बीचमा मेल गराउन र संगठित रूपले उन्नतिको साधन गर्नाको लागि आज स्थापन गर्नलागिरहेको जस्तो एउटा संस्थाको आवश्यकता भएको कैयौं वर्षदेखि हाम्रा मनमा लागिरहेको थियो । त्यो आवश्यकता आजपूर्ण हुने लक्षण देख्छु ।

हामी सबै पार्वतीय जातिका मानिसहरू नियमित रूपले भेला भई आनन्द मनाउने केही बन्दोबस्त थिएन—भेला हुने ठाउँको पनि अभाव थियो । साधारणतः हाट बजारमा मात्र भेटघाट भई आफ्नो आफ्नो बाटो लाग्दथ्यौं र म आफूलाई खुला मैदानको सदस्य (Member of the Open Air Club) ठान्दथें औ यो कुरा साथी संगीहरू सित गर्थें पनि तर यस्तो प्राकृतिक क्लबको सदस्य मात्र हुँदा हाम्रा बीचमा परस्पर हेल मेल हुने सम्भावना बहुत कम थियो ।

जति भेटघाट भयो उति हेलमेल रहन्छ । हाम्रा उखान मद्धे एउटा सारै घतलाग्दो उखान यो छ—

"आयो गयो माया मोहो,
आएन गएन कोहो कोहो ।"

यसको अर्थ के हो भने—जति भेट-घाट भयो उति हाम्रा बीचमा घनिष्टता बढी मेलमिलापको सम्भावना रहन्छ ।

आज स्थापन गर्नआँटेको संस्थाले क्लब-घरपनि खोली हामी सबैको बराबर भेटघाट हुने र आनन्द मनाउँने प्रबन्ध पनि गर्ने छ भन्ने बुझ्दा मलाई अत्यन्त हर्ष लागिरहेको छ । यो संस्थालाई स्थापित गर्न तपाईंहरूबाट सहानुभूति र सहायता हुनेछ भन्ने मेरो पूर्ण उमेद छ ।

श्री रेभ. कालू सिंह पिटर्सको भाषण

मान्यवर सभापति अनि सभाका सर्वज्ञजन,

सबै काम ईश्वरलाई याद गर्दै उनका इच्छा अनुसार गरे देखिन् प्रत्येक कामको फल राम्रो हुन्छ । मानिसको मूल कर्त्तव्यकर्म ईश्वरलाई आफ्नो पूर्ण हृदयले, आफ्नो पूर्ण प्राणले, आफ्नो पूर्ण बुद्धिले अनि आफ्नो पूर्ण बलले प्रेम गर्नु हो औ दोस्रो मुख्य कर्त्तव्य कर्म अरुहरूलाई आफ्नै जीउ जसतै प्रेम गर्नु हो । त्यसकारण भिन्न भिन्न जात औ समाजका मानिसका बीचमा भ्रात्रीय प्रेमको आत्मा

Rev. K. S. Peters.

जगाउनु खालि मानिसको उद्देश्य मात्र होइन तर निश्चय यो ईश्वरीय उद्देश्य हो भनी म विश्वास गर्छु ।

यो पर्वतवासीहरूको सामाजिक सँगठन (Hill-people's Social Union) का सम्पूर्ण उद्देश्यहरूलाई म दुवै हात उठाईकन समर्थन गर्छु । उस माथि पनि पहिलो चाहिं उद्देश्य अर्थात् नेपाली, भोटे र लापचेहरूमा भातृभाव जगाएर एकताको प्रेमको बन्धनमा बाँधूनू भन्ने उद्देश्यलाई दुवै हात औ हृदयले अंगालो हालीकन समर्थन गर्छु किनभने धेरै

बषदेखि यी तीन जातका बीचमा भ्रातृभाव र एकताको आत्मा उज्जोस् भन्ने मेरो हार्दिक प्रार्थना थियो अनि कति भाइहरूलाई ता यस विषयमा केही कुरा सुनाएको पनि थिएँ । आज ईश्वरलाई धन्यवाद चढ़ाउँछु किन भने उनले यो कुरा हाम्रा माननीय सभापति सर्दार बहादुर र अरु कति भाइहरूका हृदयमा हालेर आज यसतो विराट् सभाको आयोजन गराए । आइतबार मेरो जनसाधारणको (public) सभामा उपस्थित हुने दस्तूर न भएता पनि आजको सभाका उद्देश्यहरू अत्यन्त उत्तम अनि ईश्वरीय हुनाले त्यसता उद्देश्यलाई पूर्ण शक्तिले ठीक हो भनी समर्थन गर्नुको लागि आज म यहाँ आएको हुँ ।

आज यो अवसरमा यौटा दुःखको कुरा पनि सुनाउँनमाग्दछु । कैले काहीँ यसतो कुरा सुनिंदछ—नेपालीहरूले आज फलानो विषयमा यस प्रकारको प्रस्ताव पठाए रे ! अलिक पछि भोटेहरूले सो विषयमा अर्कै रकमको प्रस्ताव पठाए रे !! अनि फेरी अलिक पछि ता लापचेहरूले झन यो ता हाम्रो मुलुक पो हो भन्दै अर्कै किसिमको प्रस्ताव पठाए अरे !!!

"Home divided in itself cannot stand". दाजुभाइहरू हो ! भत्केको घर बलियो हुँदैन तर मान्छे हँसाउने मात्र हुन्छ । यस सम्बन्धमा मलाई "तीन भाइको एक शोर" भन्ने कथा याद आउँछ । ती तीन भाइले हरएक कुराको उत्तर 'हुन्छ' वा 'हुँदैन' भनेर एकै शोरका भई दिन्थे रे । यसो किन होला भनी बड़ो गहीरो विचार गर्दा यस्तो अनौठो उत्तरको अर्थ बड़ो तारीफ लायकको रहेछ । कसैले केही प्रश्न गरेका खण्डमा एक भाइले मात्र उत्तर न दिई सो प्रश्नका विषयमा तीनै भाइ एकाठाउँमा भेला भई पैह्ले आपसमा सल्लाह, वाद-विवाद र कुरा न मिलेका खण्डमा पाखुरा सुर्कासुर्की समेत गरेर भित्र भित्रै मुड़की ठोकी हृदय माझामाझ गरे पछि मात्र बाहिर एक मतका भई एकै किसिमको उत्तर मात्र होइन तर तीनै भाइको शोर पनि एकै प्रकारको तुल्याई अरुलाई जवाब दिंदारहेछन् । यो "तीन भाइको एक शोर" भन्ने कथाबाट हामीले ठुलो शिक्षा ग्रहण गर्नशक्छौं ।

हामी नेपाली, भोटे र लापचेहरूका बीचमा भएका सबै प्रकारका अमेल, झगड़ा इत्यादि घर भीत्रै वाद-विवाद गरी आफ्ना आफ्ना हृदय माझामाझ गर्नु उचित हो । हामीले यसो गरी बाहिर एकै मन, एकै मत औ एकै शोरका भई निस्कनुपर्दछ ।

कुनै कुरामा हामी नेपाली मात्र अघि सरेर जाउँला तर खोई तेरा भोटे र लापचे भाइहरू ? भनी भन्दा के जवाब दिनू ? उसै गरी भोटेहरू मात्र अघि सरेर जाँदा खोई तेरा नेपाली र लापचे भाईहरू ? भनी सोधनी हुँदा के जवाब दिने ? फेरि लापचेहरू मात्र अघि सरेर जाँदा खोई तेरा नेपाली र भोटे भाईहरू भनी प्रश्न गर्दा के उत्तर दिने ? म आशा गर्द छु, यो पर्वतवासीहरूको सामाजिक संस्थाले यी तीन जातका मानिसमा भ्रातृप्रेम उज्जने छ औ चाँडै यिनीहरू एकै हुनेछन् ।

तर अर्को यौटा कुरा के छ भने हामीले यो "यूनीयन" मा मात्र सन्तुष्ट हुनु हुँदैन किनभने प्रिय दाज्यु-भाइहरू हो ! ईश्वरको उद्देश्य र मान्छेको उद्देश्यमा जति धेरै फरक छ, आकाश यो पृथ्वी भन्दा जति अल्गोमा छ, ईश्वरको उद्देश्य मान्छेको उद्देश्य भन्दा उतिकै अल्गोमा छ । सारा संसारका प्राणीहरू ईश्वरका सृष्टि हुन् अनि उनले ई समस्त प्राणीहरूमा भ्रातृभाव औ भ्रातृप्रेम माग्दछन् । यसकारण हाम्रो दोस्रो कदम "World's universal brotherhood of men and fatherhood of God" अर्थात् विश्वप्रेम र ईश्वरपिताको रिस्ता भ्रातृ-प्रेमको बन्धनमा पस्नाको लागि सदैव तत्पर रहनु पर्छ ।

प्रिय दाज्यु-भाइहरू हो ! अब यौटा कुरा गरी म मेरो भाषण समाप्त गर्छु । ता: १५ जनवरी १९३४ को भूईंचालोलाई एक छिन सम्झि दिनुहोस् । सो भूईंचालो आयो, गयो तर तेसले हामीलाई गहीरो शिक्षा दिएर गएको छ । भत्केका, चर्केका सब कच्चा घरहरू माटामा मिले अनि तेसता घरका सट्टामा मानिसले पक्का कन्क्रीट (Concrete) का घर बनाउन लागेकाछन् । यसै गरी हामी पहाड़वासीहरूले हाम्रा बीचमा चलेको त्यो घिनलाग्दो उखान "पहाड़े को सल्ला खरानीको डल्ला" लाई यो Hill people's Social Union को भ्रातृप्रेम र एकताको बलले पहाड़ेको सल्ला, कनक्रीटको डल्ला" भन्नु पर्ने सम्मको उन्नति गराउँनसक्ला भन्ने आशा राख्द छु ।

तपाईंहरूका समीपमा मैले एउटा कुराको विन्ती चढ़ाउँनु पर्ने हो भनी ठानेको छु । सो के भने संस्था खड़ा गरे पछि सो चिरञ्जिवी रहोस् । कार्य्यकर्ताहरूले कायदा मुताबीक काम चलाए निश्चय यो हिल-पिपल्स सोसियल यूनियन दृढ़ भई परन्तु सम्म रहनेछ औ यसको उत्तरोत्तर उन्नति हुनेछ ।

कालिम्पोंगका प्रतिनिधि श्री जे० पावलले दिएको वक्तृता ।

मान्यवर सभापति तथा उपस्थित सज्जनहरू,

नेपाली, लापचे र भोटे अर्थात् नेपाली, सिक्किम र भोटाङ भौगोलिक हिसाबबाट विश्वप्रख्यात हिमालय पर्वतको काखका सन्तान तीन भाइको रूपमा बसेका पाइन्छन् ।

धार्मिक दृष्टिबाट पनि तीनै भाइ बौद्ध नै हुन् । अधिकांश नेपालीहरू गोर्खाली राजाका अधीनमा आएको देखि हिन्दू धर्म मान्छन् ता पनि ती अघि बौद्ध थिए । महात्मा बुद्धको जन्म स्थान नेपाल राज्य

अर्न्तगत लुम्बिनीमा हो । नेपाल राजधानीमा आज पनि ठुला ठुला बौद्ध मन्दिरहरू छन् औ नेपाल राज्यबाट तिनको यथेष्ट रक्षा भइरहेको छ । भोटाङ (जसलाई धर्मराज्य भन्दछन्) जम्मै बौद्ध धम्मवलम्वीहरूको राज्य हो । सिक्किम–जसको अर्न्तगत यो दार्जीलिङ्ग जिल्लाको अधिकांश पर्दछ जम्मै बौद्ध राज्य हो । यो कुरा प्रत्येक डाँड़ामा भएका गुम्बाहरूले प्रत्यक्ष प्रमाण दिन्छ औ यो ठाउँमा बौद्ध धर्मको प्रभाव खूबै परेको रहेछ भन्ने ज्ञात हुन्छ ।

यिनीहरूको रहन-सहन, चाल-चलन प्रायः सबै एकै भइसकेको जस्तो देखिन्छ । यिनीहरू एका अर्काको चाड़वाड़मा पनि विना रोक टोक सम्मिलित भएका देखिन्छन् । मर्दा-पर्दा एका अर्काको सहानुभूति राख्दछन् भने आज हामी यहाँ दार्जीलिङ्ग वासी विशेष गरी नेपाली, भोटे र लापचे यी तीन भाइको एकताको विचार गर्नु कोही विशेष कुरा जसतो मलाइ ता लाग्दैन । पहाड़ पर्वत गाउँ घरमा यी जातका भाइहरू मिलेर बसेकै छन । तर सहरमा यी पढ़ेलेखेका भनाउँदाहरूमा आफ्नो स्वार्थसाधन गर्नाका लागि हो वा अरुनै केही कारणले हो अलि अनबन होला जस्तो छाँट देखापर्छ तर यस्तो हुनु वा यस्तो गर्नु सर्वथा भूल मात्र पनि होइन, म ता यसलाई पाप सम्झन्छु ।

मेरो नम्र निवेदन लाग्छ भने म ता यी तीन जातिमा कुनै किसिमको अनबन औ फूट न हवस् तर मेल र मिलाप हवस् भन्छु । यै उद्देश्यलाई लिई जो यहाँका मूल मूल सज्जनहरूले अपील प्रकाश गरी यो सभामा निमन्त्रण गरे त्यसका लागि हामी कालिम्पोंग सब-डिभिजनका भाइहरू प्रसन्न छौं औ याहाँहरूलाई धन्यवाद चढ़ाउँछौं । यस कामका लागि कालिम्पोंगबाट हामी दुइ भाइ अर्थात् श्री हर्षलाल दीक्षित महोदय र तपाईंहरूको यो क्षुद्र सेवक खटिएका हुनाले हामी तपाईंहरूको यो महान् उद्देश्यलाई हृदयले सहर्ष र प्रेमपूर्वक समर्थन गर्छौं औ यो संस्थाको उत्तरोत्तर वृद्धि हवस् भनी परमेश्वर सँग प्रार्थना गर्छौं ।

खरसांगका प्रतिनिधि श्री दीलवहादुर छेत्रीको भाषण ।

मान्यवर सभापति तथा उपस्थित सज्जनगण,

समयको अभाव हुँदा हुँदै औ याहाँहरू जस्ता विद्वान् औ प्रवीण वक्ताहरूका व्याख्यान भइसकेर पनि मलाई सहनशीलता साथ मर्य्यादा पालन गर्ने अवसर दिनुभएमा म सभापति महोदयलाई हार्दिक धन्यवाद चढ़ाउँछु ।

यद्यपि नेपालीहरूका निमित्त गोर्खा

एशोसिएसन, भोटेहरूका निमित्त बुद्धिष्ट एशोसिएसन औ लापचेहरूका निनित्त लेप्चा एशोसिएसनहरू छन् तथापि यी तीनै जातिका लागि हिल्मेन्स एशोसिएसन छँदा छँदै फेरि अर्को संस्था स्थापित गर्नाको के कारण ? यसमा के गूढ़ रहस्य छ ? इत्यादि प्रश्न धेरै का मनमा उठेको छ औ धेरैले कति प्रकारको शंका गरेका छन् । यस्तो प्रश्न गर्नु स्वाभाविक पनि हो । तर हाम्रा माननीय डिप्टी म्याजिस्ट्रेट श्री मोतीचन्द प्रधान महोदयले भन्नुभएको पुर्खेउलीहरूको उखान "आयो गयो माया मोहो, आएन गएन कोहो कोहो" बाट माथिको प्रश्नको योग्य उत्तर पाइन्छ ।

योग्य सभापति औ माननीय लेफ्टनेन्ट गोवर्द्धन गुरुङ महोदयका विचार पूर्ण भाषणबाट माथिका आशंकाहरूको योग्य उत्तर पाइन्छ । ती व्याख्यानहरूबाट यो नया संस्था स्थापित गर्नुपरेका कारण औ यस्तो संस्था हुनाले हाम्रा विभिन्न जातिका समाजलाई हुने लाभका विषयमा यथेष्ट शिक्षा पाइन्छन् । यो संस्था स्थापित हुनाले दुःख निवारक जस्तो वा अन्य संस्थाहरूलाई कुनै प्रकारको हानी हुने छैन बरु उल्टा तिनको भलो हुनेछ भन्ने प्रत्यक्ष प्रमाण पाइन्छ । यस्तो शुभ-कार्य्यमा म पनि मेरा मित्र मण्डलीका तर्फबाट आजको यो उपयोगी सभाको प्रबन्ध गर्ने सज्जन महानुभावहरूलाई हार्दिक धन्यवाद चढ़ाउँछु । ईश्वरले यो संस्थालाई चिरायु दिउन् ।

हाम्रो संगठन ।

(निवेदक—डक्टर मदन थापा,
एल एम एफ्, एल डो एस्सी.)



Dr. Madan Thapa, L. M. F., L. D. Sc.

प्रिय दाजु भाइ हो

हामी पर्वतवासीहरूको एउटा दृढ़ संगठन हुनुपर्छ भन्ने विषयमा मैले पनि तपाईंहरूको समीपमा भन्नु छ । प्रथमतः हामी यस पर्वतखण्डमा बस्ने पर्वते (हिल्मेन) को परिस्थित एवं देशकाल र अवस्था प्रति गहिरो ध्यान दिई अब संगठित भई बस्ने समय आयो कि आएको छैन भन्ने निष्पक्ष विचार हामीले गर्नुपर्छ ।

म तपाईंहरूका अघि हाम्रो देशकाल र अवस्थाको चित्र पेश गर्नचाहन्छु । यसको पूर्ण विचार र ज्ञान भए पछि यो पर्वतवासीहरूको संगठन गर्नु आवश्यक छ कि छैन भन्ने

प्रश्न सजिलै सँग बुझ्नसकिन्छ । यसका निमित्त हामीले सब भन्दा पहिले आफ्नो सामाजिक संसार (देश) को स्थितिको विचार गर्नुपर्दछ ।

देश—एक छिनका लागि हामी नेपाली भोटे र लापचेहरूको देश (वासस्थान) यो लमतन्न हिमालय १५०० माइल लामो र ४०० माइल चाक्लो पश्चिम काश्मिरदेखि पूर्व बर्मा आसाम सम्मको आफ्ना मनमा एउटा चित्र खिच्नुहोस् । फेरि यही विस्तृत पर्वतको अढ़ेसमा भोटेको मुलुक । हामी पर्वतवासीहरूले यसैलाई आफ्नो सामाजिक संसार भन्नुपर्‍यो । यसमा नेपाल, सिक्किम र भोट जस्ता पृथक् पृथक् छिमेकी राज्य छन् तर सृष्टिकर्ताको प्राकृतिक राज्य यस सामाजिक संसारमा सोलो डोलो एउटै चलेको छ । जीव-जन्तु, झार-पात, ढुंगा-माटो, नदी-नाला; भीर-पखेरा, हावा-पानी यावत् प्राकृतिक वस्तुको सादृश्यता, एकता र सत्ता यस खण्डमा हेर्दा परम्परादेखि एउटै देह र प्राण जस्तो भएर बसेको देखिन्छ । समस्त पृथिवीमा अकण्टक औ प्रधान (Primary) राज्य ता प्रकृतिको नै फैलिएकोछ । मानिसका अरु प्राणीको राज्य ता गौण (Secondary) हो । अरु प्राणीले प्रकृतिको पूर्ण अधीनमा बस्नुपरेकोछ । यसो हुनाले यो महान् विश्वशक्तिलाई लक्ष्य बनाई यसैको आधारमा नै सांसारिक रचना गर्नसके हामीले सुगमता साथ आफ्नो उद्देश्यको साधन गर्न र आफ्ना आफ्ना समाजलाई चिरस्थायी, दृढ र सुखी बनाइराख्नसक्छौं ।

काल—काल कस्तो छ भने "हूलमूलमा जीउ जोगाउनु, अनिकालमा बीउ जोगाउनु" भन्ने छाँटको छ । सारा संसार एकै ध्वनिले गुञ्जायमान भइरहेको छ । संगठन, एकता, फल्-इन् (fall in !) यो विश्वनादको तात्पर्य्य एउटै छ । त्यो के हो भने आफ्नो समाजलाई हर प्रकारबाट संसारमा दृढ़, स्वास्थ्य र जीवित राख्नु । संगठनको दुर्लभ फल पाउँला भन्ने अभिप्रायले मानिसले के कुरो गर्न बाँकी राखेका छन् र ? हिन्दू र मुसल्मान. अछूत र उच्च-जातिका आर्य्यहरू एकै हारमा समागम भई खाँदिएर बस्ने उद्योग भइरहेको कारण के हो ? यो प्रश्नको उत्तरको विचार गहीरो हिसाबले गर्‍यौं भन्ने वर्तमानकालको तालशूर पक्रन हामीलाई उस्तो समय लाग्ने छैन ।

अवस्था—समाजको मुख्य अंग अहिले जड़ अवस्थामा रहेको भए ता पनि आपस्तमा स्वाभाविक प्रेम र मेल यिनमा घनिष्ठछ । नेपाल, सिक्किम, भोट आदि देशमा नेपाली, लापचे र भोटेहरू एक छत्त भई बसेका छन् । यो दार्जीलिङ्ग जिल्लाका गाउँ, कमानमा पनि यिनै तीन जातका मानिसहरू आफ्नो अपूर्व प्रेम, मेल र एकताको प्रशंसनीय उदाहरण देखाएर बसेका छन् । मर्दा-पर्दा, गाहारो-साँगुरोमा, पर्मा-पैंचोमा, हार-गोहार सम्बन्धी यावत् व्यवहारमा यी आफ्ना बीचमा बड़ो प्रेम भावले एका अर्का सँग घनिष्ट सम्बन्ध राख्छन् । तर बिस्तार बिस्तार गरी सभ्यताको प्रभाव हामी माथि पनि पर्नलागिरहेछ । साथ साथै ज्ञान, बुद्धि र अक्किलको संचार ! यस अवस्थामा हाम्रा यी समाजमा यो मेरो

यो 'तेरो' भन्ने प्रलोभन र संकीर्णता सम्भवतः उप्जनसक्छ । यो कुविचारको बीउ फिंजिए पछि हामी पर्वतवासीहरूको रक्षा स्वयं श्रृष्टिकर्ताबाट पनि हुन असम्भव छ । यसर्थ सभ्यताको साथ साथै हाम्रो सामाजिक बन्धन पनि जानु समाजका प्रत्येक अग्रशोची व्यक्तिको कर्त्तव्य हो ।

हाम्रो उपरोक्त सामाजिक संसारको मुटुमा दार्जीलिङ्ग, खरसाँग र कालिम्पोंग जस्ता शहर छन् । यी ठाउँमा वरिपरिका हाम्रा दाजु भाइहरू आई राम्रा, नराम्रा कुरा सीक्छन् र आफ्ना आफ्ना गाउँ-छिमेकमा सो सीकेका कुरा फैलाउँछन् । संक्षेपमा के भने यसरी शहरमा चलेका रीति-रीवाज, गीत-भाखा, गफ-स्वाँग, शोर-हल्ला अर्थात् यावत सुविचार वा कुविचार समयमा गाउँ कमानका घर घरमा पुगेको देखिन्छ । यसर्थ यी मुख्य स्थानमा दिनोदिन आपस्तको मेल र प्रेमको वृद्धि गर्ने औ यसरि वृद्धि गरेका मेल र प्रेम भावलाई गाउँ, बस्ती कमान सबै ठाउँमा फैलाउने संस्थाको कत्रो खाँचो छ सो सबैले गहीरो गरी विचार गर्नुपर्ने कुरा हो ।

हामीले हाम्रो सामाजिक अवस्थाको सुधार गर्ने हो भने यस्तो एक एक वटा संस्था शहर शहरमा रहनै पर्छ । यस्तो संस्थाको नाउँ कुनै निष्पक्ष शब्दमा राख्नु होला । मेरो भन्नुको तात्पर्य्य ता के छ भने हामीले यस्तो एउटा 'क्लब' जस्तो संस्था स्थापित गर्नसकेका खण्डमा हामी नेपाली, भोटे र लापचेहरूका बीचमा संगठन हुने थियो औ सो संगठन द्वारा हामी आफ्ना उद्धारका अनेक उद्देश्यलाई सजिलै पूर्ति गर्नसक्ने थियौं ।

प्रवासी नेपालीहरू प्रति मेरो एउटा क्षुद्र विचार प्रकट गर्नु छ । समस्त हिमालयको भीर-पखेरा यिनैले भरिएको देखिन्छ । नेपाल छोड़ी विदेश लागेका प्रायः ३० लाख नेपालीहरू भारतवर्ष, सिक्किम र भोटका पिछा लिएर बसेका छन् । यिनीहरू माथि ब्रिटिश, सिक्किम र भोटाङ यी तीनै राज्यको महा करुणा र निगाह छ । आफ्ना खूद आदि निवासी प्रजाको हक र हेर्चाहको विचार पनि उक्त राज्यबाट भएको छ । हामी दुइ चार जना बाठा भनाउँदाहरूले उपरोक्त लाखौं मानिसको भलाई र उनीहरूको सौभाग्यलाई कुन प्रकार र जुक्तिले कायम राख्नु पर्ने हो सो कुराको विचार घोरिएर गर्नुपर्ने देखिन्छ ।

सर्दार बहादुर हनजीत देवान राई डिप्टी सुपेरिन्टेन्डेन्ट-अब्-पुलिसले दिनु भएको व्याख्यान ।

मान्यवर सभापति र उपस्थित सज्जनगण,

आजको सभाका विषयमा मैले पनि केही भन्नुपर्छ भन्ने आज्ञा भएको हुनाले तपाईंहरूका सामने उभिई एउटा छोटो कुरा गर्ने साहस गरेको हूँ ।

हिल-पिपल्स सोसियल यूनियन भन्ने एउटा संस्था खोल्नुपर्ने आवश्यकताका विषयमा सभापति महोदय र म भन्दा अघिका वक्ताले प्रस्ताव गरेका कुरालाई म पूरा समर्थन गर्दछु । यस्तो संस्थाको साह्रै दर्कार छ औ हाम्रा पर्वतवासीहरूले अघि

देखि नै यस्तो संस्था खडा गरेका भए हालमा हाम्रो शोचनीय अवस्था कदापि हुने थिएन। तर श्री मान्यवर सभापतिले अग्रसर भई तपाईंहरूका समीपमा एउटा कुराको बिन्ती चढ़ाउनु पर्ने हो भनी ठानेको छु सो के हो भने सँस्था खड़ा गरे पछि चिरस्थाई हुवस्।

Sardar Bahadur Hanjit Dewan Rai,

यो काम गर्नु पर्छ भनी सबैलाई जागृत गराएको मा म वाहाँलाई धन्यवाद दिन्छु। यो संस्था खडा गर्नु नै पर्छ।

कार्य्यकर्त्ताहरूले कायदा मुताबिक काम चलाए निश्चय यो हिल पिपल्स सोसियल यूनियन दृढ़ भई परन्तु सम्म खड़ा रहने छ।

संचालकवर्ग

सम्पादक—
श्री के. डी. प्रधान, बी. ए.

प्रकाशक—
श्री मदन कुमार प्रधान, बी. ए., बी. एल.

सहकारी सम्पादकहरू—
१। श्री रणधीर सुब्बा, बी. ए.
२। मिस्टर पासाँग टार्गेन
३। श्री शंखमणि प्रधान, डि. एल. सी. ए.
४। मिस्टर थार्चीन

सदस्य र मंत्री—
१। श्री अरि बहादुर गुरुङ, बी. ए.
२। श्री विक्रमजीत प्रधान
३। श्री नरबहादुर गुरुङ, बी. ए.—मंत्री

फाल्गुन १९९१, ताः १ मार्च १९३५

सम्पादकको गन्थन

वर्तमान जगत्का मानिसहरूको सामू एउटा विकट समस्या उपस्थित भएको बुझिन्छ । सो समस्या हो कि ता प्रेमको बन्धनमा कसिई सहयोगको बाटोमा हिंड़ कि ता तँ तँ र म म गर औ सत्यनाश होऊ । भावी युद्धको जगजगीले विचारशील मानिसहरूलाई जहीं तहीं पक्रिराखेको छ । कतै युद्ध प्रारम्भ भयो भने निर्दोष मानिसहरू विशेष गरी आवाल-वृद्ध-वनिताहरूको संहार र वर्तमान सभ्यताको पूर्ण बिनाश हुने सम्भावना भइसकेको छ । आधुनिक वैज्ञानिक अविष्कारले यति सम्म गरिछोड्ने शक्ति प्राप्त गरिसकेको छ । यस्ता आविष्कारलाई धन्य भन्नुपर्छ किनभने तिनले नै एकातिर प्रेम बढ़ाउने घोर प्रयत्नमा कति मानिसलाई लगाइराखेका छन् । यस्तै प्रलयकारी युद्ध न चलोस् भन्ने मतलबले जगत्मा अघि कहिले न भएको राष्ट्र-संघ (League of Nations) सन् १९२० इस्वीदेखि प्रारम्भ भएको हो । युद्ध हुने सम्भावनाभएका खण्डमा देश देशका झगड़ा पञ्चायती सभाले मिलाई दिने काम गर्नु, दासत्वको अमलेख गर्नु, कुरीतिहरूको निवारण गर्नु औ समस्त देशलाई प्रेमको बन्धनले बाँधी तिनलाई सहयोगको बाटोमा हिंडाउनु नै यो विराट् संस्थाका मुख्य उद्देश्य हुन् । यो संस्थाले संसारमा भएका यावत् झगड़ा आदि मिलाई आफ्ना सम्पूर्ण उद्देश्यहरूको पूर्ति पूर्ण रीतिले गरि हाल्न न शकेका भएता पनि यो संस्थाका संचालकवर्ग जगत्मा मेलको भाव भित्र भित्रै उत्पन्न गराउन र फैलाउनमा समर्थ भएकाछन् औ उनीहरूको यो महान् सफलताका लागि हामीले आनन्द मनाउनु पर्दछ तथा उक्त संस्थाका उपयोगी उद्देश्यहरूलाई हामीले ग्रहण गर्नुपर्दछ ।

भ्रात्रीयताको भाव अरु अरु संस्थामा पनि छन् । विश्व प्रसिद्ध सर बेडन पावेलका स्काउट्स र गर्ल-गाइड मूभमेन्टको एक उद्देश्य जगत्मा भ्रातृभावको जागृति गराउनु हो । भिन्न भिन्न क्लब, रिडिङ रूमहरूको एक उद्देश्य पनि त्यै हो । बङ्गालमा हालैमा चलेको मिस्टर गुरुसदय दत्त, आइ. सी. एस. महोदयको व्रतचारी संघको एक उद्देश्य पनि त्यै हो । चिट्ठी पत्रको सहायताले, भिन्न भिन्न प्रकारको खेल र अन्तरराष्ट्रीय खेलले औ विशेष पत्र-पत्रिकाको सहायताले, भेटघाट गर्ने सभाले, अन्तरजातीय भोजले पनि भ्रात्रीय भावको जागृति गर्नमा ठुलो सहायता दिन्छ

औ यसरी मानिसमा यो भावको संचार जोरशोर सँग भइरहेको छ। रेडियो जस्तो आश्चर्य्यमय आविष्कारले टाढ़ा टाढ़ाकाहरूलाई आफ्नो छेउमा ल्याइसकेको छ।

हामी पर्वतवासीहरूमा न चिनेकाहरूलाई पनि दाजु, भाइ, दिदी, बहिनी, आमै, बज्यै, बाजे, नानी आदि भनेर बोलाउने मीठो बोलचालको रीति अघिदेखिको छँदै छ। यस्तो बोलचालले अवश्य प्रेमभाव फिजाउँछ औ एउटै सन्तान वा समाजका हौं भन्ने बुझाउँछ।

यो बाहेक हाम्रो जिल्लामा हामी पर्वतवासीको अहोभाग्य हुनाले ५०।६० वर्ष अघिदेखि प्राथमिक भएता पनि उत्तम शिक्षाको प्रचार हामीहरूमा जोर सँग भइरहेको छ। यसो हुँदा दिन पर दिन हामीहरूमा शिक्षाको रूचि बढ्दो छ औ यसले पनि हामीहरूमा भएको भेदभाव क्रमशः घट्तैगएको छ। अचेल अरु अरु ठाउँमा भएको संगठन-प्रचारको प्रभाव हामीहरूमा पनि अलि अलि गरी परिरहेको छ। यी सबै कारणले हामीहरूमा भ्रात्रीयताको भाव निकै नै बढ़िशकेको छ। पर्वतवासीहरूको परिचय पनि जिल्लादेखि बाहिरको जगत्मा निकै टाढ़ा टाढ़ा सम्म अचेल पुग्दै गएको छ। पार्वतीय समाजको बलियो सँगठनको आवश्यकता देखिंदा दूरस्त भइरहेका हामी प्रत्येकमा भएका भ्रातृभाव र प्रेमका किरण एक साथ एकत्रित गरी उज्यालो तेज गराउने मतलबले हाम्रा कति महा अनुभवी सज्जनहरूको सहायताले एउटा नया संस्था हिल-पिपल्स सोसिएल यूनियन स्थापन भएकोले अवश्य हामी पर्वतवासीहरूको एउटा ठुलो आवश्यकताको पूर्ति भयो। यसरी यसतो उपयोगी संस्था स्थापन गर्न अग्रसर हुने महानुभाव प्रति हामीले आफ्नो कृतज्ञता प्रकाश गर्नु हाम्रो कत्तव्य हो। हामी वाहाँहरूलाई हार्दिक धन्यवाद चढ़ाउँछौं।

यो नयाँ संस्थाले हाम्रो यो जिल्ला र वरिपरिका पर्वतवासीहरूलाई एक मतको, एक सल्लाहको औ एकै मनको बनाई दृढ़ प्रेमको बन्धनमा बाँधी एउटा पक्का पार्वतीय समाज खड़ा गर्न सकोस् भन्ने दृढ़ कामना गर्नु हामी सबैको कर्त्तव्यकर्म हो। अब चाहियो एक एक जनाले बाहिरी भिन्नताको परवाह नगरी भित्री प्रेमको डोरीलाई जहाँ सम्म हुनसक्छ कस्न औ टन्काउन सक्ने शक्ति। यो शक्ति प्राप्त गरेर प्रेम र सहयोग बढ़ाउनमा नै हाम्रो बल छ, उन्नति छ औ जीवन छ।

कुत्को एक पृष्ट

[लेखक—कुन्नि]

"तेह्रिस र उफ्रे तिस जान्नु हुन्न क्यारे ? भन्दै मुसुमुसु हाँसी सिंगबीर राई, ३/१० गोर्खा राइफल्सको भूतपूर्व जमादारले सिगरेट सल्काए।

हामी दुइ जना मेरा घरका सिकुवामा बसी लड़ाईंका कुरा गरिरहेका थियौं। सिंगबीर दार्जीलिङ्को स्कूलमा मिडिल सम्म पढ़ी लड़ाईंमा गएका थिए। विश्वव्यापी महासमरमा लड़ी सिपाही देखि जमादार सम्म चढ़ी पल्टनको नोकरी छाड़ी अचेल यिनी व्यापार गर्छन्। पल्टन् छोडेको धेरै वर्ष भएको हुनाले यिनी पल्टने बोलि बोल्दैनन्।

तर कैले काहिं ठट्टामा यिनी आफ्नो पुरानो पल्टने बोलि बोली पनि हाल्छन् ।

"तेग्रिस र उफ्रेतिस मालुम छैन क्यारे" भनी फेरि पनि उनले मलाई हाँस्तै सोधे ।

"तेग्रिस र उफ्रेतिस ता जान्दिनँ तर टाइग्रिस र इउफ्रेटिस भन्ने नदीहरूको नाउँ ता पढ़ेको थिएँ" भनी मैले भनें ।

"हो, ती दुइ नदोका बीचमा हामीहरू सन् १९१७ सालमा तूर्कीहरू सँग लडथ्यौं । जरनेल टाउनेन्डले तहिं बदनाम हुँदा बेलायत जानु परेथ्यो । उनी गए पछि स्काट साहेब हाम्रा डिभिजनका जरनेल खटिएर आए । स्काट आए पछि हामीहरूले कुतको शहर लियौं ।"

"कुत लिंदा गोर्खालीहरूले धेरै बहादुरी देखाए भनी मैले पनि सुनेको छु" भनी मैले भनें ।

"जर्मनको धावामा गोर्खालीहरूले बहादुरी न देखाएको कहाँ छ र ? फ्रान्स, डार्डेनल्स, गेलिपोली, इजिप्ट, मेसोपोटेमिया सबै ठाउँमा हाम्रो खुकुरी चम्केको छ । तर कुतको नाउँ लिंदा मलाई हाम्रो पल्टनको दिलु देवानको सम्झना हुन्छ ।"

यति भनी सिगरेट फालेर सिंगबीर एकोहोरो भई झयाल बाहिर हेर्नलागे । तिनलाई तेसरी एकोहोरो भई बाहिर हेरेको देखी म पनि गोड़ा तन्काएर लामो कथा सुन्न तैयार भएँ । यसरी एकोहोरो भइदिएदेखि तिनका मुखबाट लामो कथा निस्कन्छ भनी मलाई थाहा थियो ।

कुत तुर्कीहरूका हातमा थियो । हाम्रो ट्रेन्चदेखि कुत २० माइल टाढ़ा पर्थ्यो । कुतको चारै तिर तुर्की पल्टन थियो । खालि टाइग्रिसको किनार किनार दलदल भएका ठाउँमा मात्र तुर्की सेना थिएनन् । हाम्रो ट्रेन्चदेखि प्रायः एक हजार गज टाढ़ामा हाम्रै सामूँ तुर्की ट्रेन्च पर्थ्यो औ हाम्रा बायाँ पट्टिदेखि दलदल शुरू हुन्थ्यो । हाम्रा जरनेल स्काटले अरबीहरूका मानिसदेखि दलदलबाट कुत सम्म जानसकिन्छ भनी थाहा पाए । दलदलका चारै तिर बाक्लो झार जङ्गल थियो । तीन महिना सम्म रात भरी भरी कुलीहरूलाई काम लाएर हाम्रा जरनेलले पल्टन हिंड्नहुने सम्मको साँगुरो बाटो तैयार गरे ।

(क्रमशः)

सूचना

तिब्बतीभाषामा 'नेबुला' को अर्थ अभाग्यवश समय र स्थानको अभावले यो अंकमा प्रकाशित हुनशकेन । यसका निमित्त हामी क्षमा चाहन्छौं । आगामी अंकमा यो लेख हामी सचित्र प्रकाश गर्ने छौं ।

—संचालकवर्ग

विविध विषय

कालिम्पोंग सेन्ट्रल को-ओपरेटिभ बैंकको वार्षिक अधिवेशन

कालिम्पोंग सेन्ट्रल को-ओपरेटिभ बैंक लिमिटेडको तेइसौं वार्षिक जेनरल मिटिंग ता० ६ फर्वरी १९३५ को दिन बड़ो सफलता पूर्वक भयो । सोसाइटिका कैयौं मेम्बरहरू बाहेक सभामा भिलेज सोसाइटिका ४३ जना प्रतिनिधिहरू उपस्थित थिए ।

सभामा माननीय वडलींग साहेब सभापति, रेभ० स्कट, मि० जे० टी० लोयड, श्री मदनकुमार प्रधान तथा श्री हर्षलाल दीक्षित महोदय पनि हाजिर थिए ।

सेन्ट्रल बैंकको बाईला सुधार गर्नका लागि दुइ चार साल अघि देखि नै कोशिष गरिएको थियो तर आज सम्म सुफल भएको थिएन । हर्षको बात, यो साल बड़ो सुगमता साथ सेन्ट्रल बैंकको बाईला सुधार गरियो । नया बाईला सुधारिएका अनुसार अब उप्रान्त बोर्ड-अफ्-डाइरेक्टर्समा ६ जना भिलेज सोसाइटिको मेम्बरहरू चुनिने भए और बाँकी ३ जना श्री रेजिस्ट्रार साहेबले छान्ने भए ।

निम्नलिखित सज्जनहरू यो सालको लागि भिलेज सोसाइटिबाट डाइरेक्टर्स छानिए ।

(१) श्री अरिबहादुर, गुरुङ, बि० ए०, कालिम्पोंग (२) श्री देउनिधि उपाध्या, कालिम्पोंग (३) श्री धनपति शर्मा काँकेबोंग (४) श्री वडदी मन्डल, गीतबियोंग (५) श्री तेनछिरिंग मन्डल निमबोंग (६) श्री रामदल राई, कुवापानी ।

उपरोक्त महानुभावहरू डाइरेक्टर्स छानिएकोमा बैंकका मेम्बरहरू बड़े खुशी छन् । ई डाइरेक्टर्सहरूले सेन्ट्रल बैंक तथा सोसाइटिहरूको विशेष उन्नति गर्लान् भन्ने आशाले नै सबै जना खुशी भएका हुन् ।

श्री रेजिस्ट्रार साहेबले ३ जनाको नाउँ अझ सम्म न पठाएका हुनाले बैंकको चेयरमेन छान्ने काम हुनशकेन । यसकारण चेयरमेन छान्नको लागि फेरि अर्को जेनरल मिटिंग हुनुपर्छ भन्ने राय गरियो ।

हाम्रा चेयरमन साहेब मि० वडलीङ यो साल बेलायत जानेवाला छन् । वाहाँले गत साल सम्म ७ वर्ष चेयरमेनको काम गर्नु भयो । वाहाँले बैंकको उन्नतिको लागि जति कोशिष गर्नु भएको छ त्यसमा हामी हार्दिक धन्यवाद चढ़ाउँछौं । वाहाँको बेलायत यात्रा सुफल होस् भनी हामी ईश्वर सँग प्रार्थना गर्छौं ।

कालिम्पोंग गोर्खा एसोसिएसनको पहिलो वार्षिक अधिवेशन ।

[प्रेषक—श्री नरबहादुर गुरुङ, बी० ए०, मंत्री कालिम्पोंग गोर्खा एशोसिएसन]

गत ६ तारिख फर्वरी शनिवार श्री पञ्चमीको दिन श्री के० डी० प्रधान बी० ए० को सभापतित्वमा कालिम्पोंग गोर्खा एसोसिएसनको पहिलो वार्षिक अधिवेशनको उत्सव मनाइयो ।

सभामा प्रायः साठी जना महानुभावहरू उपस्थित थिए ।

सेक्रेटेरीले एसोसिएसनको वर्ष भरिको कार्य्यको रिपोर्ट पढ़ेर सुनाए । वाहाँले रिपोर्ट मा निम्नलिखित दुइ चार मूख्य बात भन्नु भयो ।

ताः २१ फर्वरी १६३४ मा हाम्रा माननीय सरदार बहादुर लेफ्टनेन्ट गोबर्द्धन गुरुङको सभापतित्वमा कालिम्पोंगमा एक आम सभा भएथ्यो त्यसै सभामा कालिम्पोंगमा गोर्खा एसोसिएसन स्थापित गर्ने राय गरिएको थियो । दार्जीलिङ्ग गोर्खा एसोसिएसनको जन्म पनि हालैमा भएको हुनाले यो एसोसिएसन दार्जीलिङ्गको शाखा (Branch) नगरी स्वतँत्र नै राख्ने राय ठहराएको थियो । यस एसोसिएसन स्थापित गराउनमा सर्दार बहादुर लेफ्टनेन्ट गोबर्द्धन गुरुङले जति सहायता दिनु भयो सो ता तपाईंहरूमा जाहेरै छ । वास्तवमा वाहाँ कै अगवाई र बलले नै एसोसिएसन खड़ा गरिएको हो । वाहाँलाई यस विषयमा हाम्रो हार्दिक धन्यवाद छ ।

बड़ो शोकको बात हाम्रो कार्य्यकारिणि समितिका मेम्बरहरू मद्धे, लोकमान्य श्रीयुक्त हर्कधोज प्रधान गत अक्टोबर महिना ३४ सालमा परलोक हुनु भो । वाहाँको शोकाकुल परिवारमा हाम्रो सहानुभूति प्रकाश गर्दछौं ।

यो एसोसिएसन दार्जीलिङ्ग गोर्खा एसोसिएसनको शाखा (Branch) हुनुपछ भन्ने राय गरियो ।

आय व्ययको हिसाब

आय

(डोनेसन) दान	....	१७॥)
भरती फीस	....	५।)
वार्षिक चन्दा	....	३)
गोर्खा समितिबाट प्राप्त	....	२४)
		४६॥)

व्यय

खाता	....	१≡)
टिकट खर्च	....	१।=)॥
छपाइ खर्च	....	११॥)
पोस्ट ओ० डिपोजिट	....	२०)
		३४-)॥
	हातमा	१५॥=)॥
		४६॥)

निम्नलिखित सज्जनहरू आउँदो सालको लागि कार्य्यकारिणि समितिका मेम्बर छानिए—

सभापति—श्री मदनकुमार प्रधान, बी० एल०
उपसभापति—श्री के० डी० प्रधान, बी० ए०
मंत्री—श्री एन० बी० गुरुङ, बी० ए०
उपमंत्री—श्री ए० बी० गुरुङ, बी० ए०

सदस्य—श्री देवनिधि उपाध्याय, श्री रामचन्द्र गुरुङ, श्री नन्दुनारायण प्रधान, श्री केसरसोंग गिरि, श्री जनकलाल लामा, श्री अरिमर्दन राई, श्री भवनसींग रायामाझी, श्री हर्षलाल दीक्षित, श्री हर्षमान लामा, श्री प्रभूदास, श्री बुद्धिनारायण—खजान्ची ।

सभामा श्री पारसमणि प्रधान, श्री कृष्णबहादुर गुरुङ, बी० एस्सी०, बी० टी० र श्री प्रभुराम जैसीले उपरोक्त संस्था सम्बन्धी व्याख्यान दिनुभयो ।

स्वागत र बीदा

[*Photo by S. M. Kasim, Kalimpong*]

डाक्टर जे. ए. ग्राहाम, सी. आई. ई. को स्वागत र सर चार्लस बेल, के. सी. आइ. ई., सी. एम. जी. को बीदा ताः १६ १. ३५ का दिन कालिम्पोंगका पर्वतवासीहरू-को प्रतिनिधिहरूले ग्राहम हाउसमा गरे ।

प्रतिनिधिहरूका तर्फबाट श्री हर्षलाल दीक्षित महोदयले स्काटलेण्डबाट कुशलपूर्वक फर्कनुभएका उपलक्षमा डाक्टर जे. ए. ग्राहाम एम. ए., डी. डी., सी. आई. ई. एफ. आर. जो. एस. भी. डी. को स्वागत गरे औ चीन, तिब्बतबाट फर्केका उपलक्षमा सर चार्लस बेल, के. सी. आई. ई. सी. एम. जी. लाई बीदा दिए । यसो गर्दा वक्ताले हालै दार्जीलिङ्ग जिल्लामा सर्दार बहादुर एस. डब्लु. लेडन ला. सी. बी. ई. एफ. आर. जी. एस. महोदयको सभापतित्वमा स्थापन भएको "हिल-पिपल्स सोसियल यूनियन" र 'नेबुला' का सम्बन्धमा केही भने । यो शुभ समाचार सुन्दा डाक्टर ग्राहाम र सर चार्लसले खूब हर्ष मनाए औ यहाँका बासिन्दा नेपाली, भोटे र लापचेहरूको उन्नति होस् भन्ने मनोकामना प्रगट गरे ।

नेपाल समाचार

डिल्लिमा श्री ३ महाराज

जनवरी २५का दिन वल्लभगढको झुट्टालडाई नजर भएर स्पेसलद्वारा नयाँडिल्लितर्फ सवारी भयो ।

नयाँडिल्लि स्टेसनमा भ्वायसरायका मिलिटरी सेक्रेटरी, हिन्दुस्थानका परराष्ट्र-सचिव, नेपालमा रहने बृटिश मिनिष्टर, ले. ज. सर वाल्टर लेसली, डिल्लिका डिप्युटी कमिश्नर तथा अन्य अफिसरहरू सारा यूनिफर्म या मार्निङ् ड्रैस लाएर उपस्थित भएका थिए । पछाडि पट्टि दर्शक तथा तसवीर खिच्नेहरुको भीड थियो । स्टेसन बाहिर भाइस रेगल हाउसबाट आएको स्टेटकोच पर्खि रहेको थियो । सवारीको रेलको ईञ्जनमा नेपाली झण्डा फहराइएको थियो । श्री ३ महाराज रेलबाट ओह्रली बक्सँदा ताहाँ उपस्थित गराइएको गार्ड अफ् अनरले सलामी दियो । गार्ड अफ् अनर इन्सपेक्ट गरिबक्सेपछि चिनापर्चिको काम भयो ।

महाराजबाट हरेक माथि नजर भइ इषत्हास्य गरिबक्सियो । जम्मा भएकाहरु सँग कुशल प्रश्न भैसकिएपछि ग्रेटबग्गीमा राज भयो । बाटामा दर्शकहरुको ठुलो भीड थियो । राज हुने दरबारको ढोकामा गोरखालीहरुको एक दल थियो । भक्तिभाव प्रकट गर्ने

यिनीहरू आफै दौडेर आई "नेपाल महाराजकी जय" भन्दै पुष्पवृष्टि गरे ।

जनवरी ३० तारीखका दिन हिन्दुस्थानका समस्त गोरखा पल्टनहरुका तरफबाट एउटा डेपुटेशन श्री ३ महाराजका हजूरमा हाजीर भयो । डेपुटेशनका साथमा ले० क० डङ्कन पनि थिए । निजलाई पोहोर नेपालबाट बेलायतमा मिशन जाँदा साथमा रही, मद्दत गरेकोमा नेपालताराको तक्मा बक्सियो मे० जनरल डब्लू० एल० ओ० टोसले डेपुटेशनका तरफबाट श्री ३ महाराज का हजूरमा विन्ति चढाए:—

"गत १२० वर्ष अघिदेखि पृथिविका विभिन्न भागमा भएका युद्धहरूमा सुयश कमाएका समस्त गोरखाली पल्टनको आनरेरी कर्णेल महाराज होइबक्सिन्छ । यस्ले बृटेन र बृटेनका मित्रराष्ट्र नेपालका बीचमा अझ बर्ता घनिष्ट सम्बन्ध हुनगएको छ । गोरखाली पल्टनहरूले महाराज जस्ता महान् योद्धा पुरुषलाई कर्णेल पाउँदा अफिसर फौज सबैले गौरव मानेका छन् । खालि नेपालका राजा मात्र होइन, हामीले महाराजलाई आफ्ने आत्मिक अफिसर ठहराएका छौं । हामी बृटिश अफिसरहरूले गरेको यो आत्माभिमान केवल हाम्रा गोरखालीहरुको वासस्थानका दृष्टिले मात्र होइन परन्तु एउटा भारी योद्धाका रूपले हो, तसर्थ महाराजलाई ता झन् डबल माथि डबल स्वागत चढाउँछौं ।

सवारी भयो

श्री उ. क. ज. फिरिबक्से पाछ बेलायतमा नेपालको मिनिष्टर प्लेनेपोटेन्सेयरी आयण्ड एन्भ्वाय एक्सट्राडिनरीको हैसियतमा राज हुनालाई श्री सु. प्र. गो. द. वा ले. ज. कृष्णसंसेर जंगबहादुर राणाको सवारी अस्ति बुधबार (फाल्गुन २ गते) ११ बजेका टायममा यहाँबाट रवाना भयो । सवारी हुने बेला वाहाँ सँग विदा हुन भाइ, छोरा अफिसरहरू शामेल थिए । कालीमाटोसम्म शाही–बग्गीमा सवारी भै तहाँबाट साविक सवारीमा राजभै रवाना भंवक्सिया ।

[गोरखापत्रबाट]

भोटाङ र सिक्किम समाचार

ता: १३ फरवरी १९३५ का दिन कालिम्पोंगका नेपाली, भोटे र लापचेहरूका प्रतिनिधिहरू प्रायः २० जनाले भोटाङ दर्बारमा देव जिम्पों राजा एस. टी. दोर्जी साहेबका सहयोगले महाराज जिग्मी वाङ्चुक्र के. सी आई. ई. को दर्शन गरे ।

महाराजका बैठकमा जम्मै प्रतिनिधिहरू पुगेपछि राई साहेब हरि प्रसाद प्रधान, एम. ए., बी एल महोदयले महाराजलाई फूलका माला पहिराएर प्रतिनिधिहरू सँग चिनापर्ची गराए पछि छोटो भाषणमा महाराजको स्वागत गरे । मिस्टर गोम्पू दोर्जीले खादा चढ़ाए । तेस पछि श्री पारस मणि प्रधानले आफ्ना

प्रतिनिधिहरूका तर्फबाट निम्नलिखित बिन्ती चढ़ाए—

महाराज !

यो कालिम्पोंग इलाखा अघि भोटाङ राज्यका अन्तर्गत थियो । हामी आज यहाँ हजुरको दर्शन गर्नआउने नेपाली, भोटे र लापचेहरू मध्ये धेरै जस्ता कालिम्पोंगकै रहथाने हरू छौं । आज यस ठाउँमा हजुरको दर्शन गर्न पाउँदा हामी साह्रै खुशी छौं ।

हामी नेपालीहरूको मुलुक नेपाल हो । तहाँ खस, राइ, लिम्बू, तामाङ, मगर, गुरुङ आदि जातका नेपालीहरू बस्थे औ बस्छन् । यिनीहरूमा अघि मेल थिएन तर महाराज पृथ्वीनारायण शाहले सन् १७६७ ईस्वीमा नेपाल विजय गरे पछि यिनीहरूमा मेल र भ्रातृभावको संचार भयो । यस्ता मेल गराउने महाराज पृथ्वीनारायणको जन्म सँग भोटाङको ऐतिहासिक सम्बन्ध छ । हालैमा दार्जीलिङ्ग मा हामी नेपाली, भोटे र लापचेहरू मिली एउटा 'हिल पिपल्स सोसियल यूनियन' नामक संस्था स्थापन गरेका छौं औ यो संस्थाले हामी तीन भाइमा रहेको प्रेम र भ्रातृभाव-लाई अझ दृढ़ गराउनसक्ला भन्ने आशा गरेका छौ ।



[*Photo by S. M. Kasim, Kalimpong.*]

यी तीन भाइमा भएका दुःख सुखका कुरा प्रकाश गर्न अनि प्रेम र भ्रातृभाव बढ़ाउने उद्देश्य लिई हामीले कालिम्पोंगबाट 'नेबुला' नाउँ भएको मासिक पत्र प्रकाश गरेका छौं । सो मासिक पत्र हामी आदर पूर्वक हजुरमा चढ़ाउनचाहन्छौं । जसरी 'नेबुला' बिस्तार बिस्तार एकत्रित भई ताराको रूपमा चम्कन थाल्दछ उसै गरी हजुरका सेवकहरू नेपाली, भोटे र लापचेहरू पनि बिस्तार बिस्तार संगठित भई हजुर जस्ता

महाराजका दयादृष्टि रह्यो भने हामीमा एक दिन चम्कने शक्तिको संचार हुनेछ भन्ने आशा छ । महाराज ! जो मर्जी ।

महाराजबाट निम्नलिखित आशयको उत्तर बक्सियो—

तिमीहरू आज मेरो दर्शन गर्न आयौ, यसमा म प्रसन्न छु । तिमीहरूले चढ़ाएका माला र खादालाई म प्रेमको दृष्टिले हेर्दछु । नेपाली, भोटे र लापचेहरू यस ठाउँमा भाइ भाइ जस्तो गरी बस्ने चेष्टा गरेको सुन्दा मलाई साह्रै आनन्द लाग्यो । तिमीहरू-को भलो हुने काममा मबाट केही गरेर हुन सक्छ भने म सो काम गर्न तत्पर छु ।

यस पछि प्रतिनिधिहरू सँग राजभै फोटो लिएर बीदा बक्सियो ।

ता: १३ फर्वरी १९३५ का दिन भोटाङ महाराजाको सवारी आफ्ना राजधानी तर्फ फिर्‍यो । रम्फूमा राई साहेब बालकृष्ण कसज्, सिक्किम स्टेट काउन्सीलर महोदयका तर्फबाट टिपार्टी भयो ।

ता: १५ फर्वरीका दिन सिक्किम महाराजका तर्फबाट पेलोङमा धूमधामको उत्सव र टिपार्टी भयो । सो उत्सवमा सिक्किम महाराजका समस्त परिवार, पोलिटिकल अफिसर, डाक्टर साहेब, डडले मेमसाहेब, राजा एस० टी० दोर्जी लगायत प्राय: सबै ठुला ठुला महानुभावहरू उपस्थित थिए ।

ता: १७ का दिन काजी ठेकादारहरूका प्रबन्धले ह्वाइट हालमा महाराजको स्वागत भयो । यस स्वागत कार्य्यमा राई साहेब रत्नबहादुर प्रधान, राइ साहेब रिनाक काजी, काजी टासी दादुल, छाँग काजी, गेलोंग काजी, नरजोङ काजी, श्री पुण्य प्रसाद प्रधान, श्री खुस नारायण प्रधान आदि सिक्किमका अग्रगण्य काउन्सीलर, काजी, ठेकादारहरू उपस्थित थिए । चियापानीको पनि उत्तम बन्दोबस्त थियो । यसै अवसरमा सिक्किम र भोटाङका सज्जनहरूले तीरको बाजी खेले । भोटाङको जीत भयो ।

ता: १८ का दिन गान्तोकबाट महाराजको सवारी फिर्‍यो । काजी ठेकादारहरू दुइ माइल सम्म घोड़ामा चढ़ी महाराजका लावा लस्करहरू सँग साथ लागी पुर्‍याउन गएर बीदा भए ।

पुरस्कार

"दार्जीलिङ्ग जिल्ला र वरिपरिका पर्वतवासीहरूको बेकार समस्या" का बिषयमा भावपूर्ण लेख लेखी हाम्रा आफिसमा पठाउने सज्जनलाई हामीले पुरस्कार दिने प्रबन्ध गरेका छौं । सो लेख ता: १५ अप्रेल १९३५ सम्ममा हाम्रा आफिसमा आइपुग्नुपर्छ । 'नेबुला' का सम्पादकहरूका बिचारमा जुन लेख पहिलो ठहर्ला सो लेखका लेखकले प्रति छापेका पृष्ठको ३) रू० का हिसाबले पुरस्कार पाउने छन् । लेख नेबुलाका ३ पृष्ठ भन्दा कम र १० पृष्ठ भन्दा बढ़ता हुनुहुँदैन । पहिलो ठहरेको लेख 'नेबुला' मा प्रकाशित हुनेछ ।

—संचालकवर्ग

समालोचना

ऋतु-विचार (नेपाली भाषाको खण्ड-काव्य)—पं० लेखनाथ शर्मा पौडथालय निर्मित्त । मूल्य । ५८ पैसा पाइने ठेगाना—ग्रन्थकर्ता, ८० न५ ठवहीत, काठमाण्डू, नेपाल ।

ऋतु- विचारको यो परिवर्द्धित संस्करणको समालोचना गर्नपाउँदा हामीलाई अत्यन्त हर्ष लागेकोछ । हुन ता नेपाली भाषाको भण्डार लाई उत्तमोत्तम ग्रन्थ-रत्नले परिपूर्ण गराउने



नेपाली कवि सम्राट् पं० लेखनाथ शर्मा पौडयालय

उद्देश्य लिई धेरै विद्वद्रत्नहरू बद्धपरिकर भएका छन् तर आज सम्म ऋतु-विचारको जोरको ग्रन्थ नेपाली साहित्य संसारमा प्रकाशित भएको हामीलाई थाहा छैन । कवि लेखनाथ लेखका नाथ हुन् । मालिकले जता लायो चाकरले उतैलाग्नु स्वाभाविक हो । औ कुनै लेखले कवि लेखनाथ जस्ता योग्य नाथ पाउँनु लेखको ठुलो भाग्य हो। उस माथि पनि नेपाली साहित्यका लेखले नेपाली कवि सम्राट् लेखनाथ जस्ता अतियोग्य नाथ पाउँनु नेपाली-हरूको महान् सौभाग्य हो ।

आज १८ वर्ष पछि ऐनले बाधा नलाग्ने

समेरको भई प्रकाशित भएको यो ऋतु-विचारको दोस्रो आवृत्ति सब प्रकारले निष्कलङ्क युक्त छ भन्ने हाम्रो मत छ । जसरी पृथ्वीको पूर्व अवस्था बड़ो गरम भएता पनि यसको विस्तार विस्तार सेलाउने गुण छ उसरी मानिसको प्रकृति र कार्य्य-तत्परताको पनि क्रमशः ह्रास हुन्छ भनी कसै कसैले भन्छन् तर कवि सम्राट् लेखनाथको कवित्वशक्तिमा भने क्रमशः वृद्धिनै भएको देख्ता हामीलाई साह्रै नै आनन्द लागेकोछ । यो ग्रन्थ-रत्नको जति प्रशंसा गरे पनि थोरै हुनेहुनाले हामी यहाँ यति मात्र लेख्नचाहन्छौं । यो पुस्तक स्याट्रिक मा ता छँदैछ तर आइ. ए. र बी. ए. मा पनि यसलाई राख्नुपर्छ भन्ने विश्वविद्यालयका अधिकारीवर्ग सित हाम्रो अनुरोध छ । नेवुलाका पाठकवर्गले ऋतु-विचारका सुन्दर कविताका रसको स्वाद लिउन् भनी हामीले तल केही अंश उद्धृत गरेका छौं ।

ऋतु-विचार

* * * * *

शके-सम्म कर-द्वारा पृथ्वीको रस खींचन ।
अविवेकी विजेता झैं सूर्य लागी–रहेछन ॥

* * * * *

रश्मिका रूपमा ताता वर्षाएर तिखा सिया ।
सूर्यले गर्न आँटेकि विश्व-गोल छिया छिया ?

* * * * *

घामको नाम पारेर काललले अति उत्कट ।
आफना लय–लीलाको देखायो चंचमाहट ॥

* * * * *

जल शुक्ने गयो सारा पृथ्वीबाट घरी–घरी ।
कराल कलिले गर्दा धर्मको महिमा सरी ॥

* * * * *

टाढ़ा टिलविलायेको जल जस्तै मनोहर ।
मसीना बालुवा माथी झल्कन्छन् सूर्यका कर ॥
विशाल मृगतृष्णा त्यो झल्कंदा दूर चंचम ।
देखने व्यक्तिमा पर्छ बड़ो आश्चर्यको भ्रम ॥

कुनै त्यो मृगतृष्णामा चाँदीको भाव धर्दछ ।
पानीका भानले कोही दौडदै अघि सर्दछ ॥
नगीचमा पुगी हेर्दा न त्यो चाँदी न त्यो जल ।
झल्कन्छ आँशुका साथै कठै !! दुर्भाग्यको छल ॥

* * * * *

मणि–मन्त्रादिले रुद्ध नागझैं हत–गौरव ।
छट्ट–पट्ट गरी बस्छ गर्मीले जगतै सब ॥
शिरमा सूर्यको ताप, मनमा विरहाऽनल ।
बटुवा कुन होवैन वाटामा जीवनाऽऽकुल ॥
तन गर्छ जलेवाको प्रशंसा मीनको मन ।
प्राण भन्छ म चाहन्छु मेघको दिव्य जीवन ॥

* * * * *

परोपकार–व्रतले गलेका मेघ पावन ।
प्रतिपच्चन्द्र–रेखा झैं देखिन्छन् मन-मोहन ॥
आफना जल-धाराले बढ़ेको विश्वको खुसी ।
हेर्न लाग्यो कि वा मेघ खिस्स हाँसी परै बसी ?

* * * * *

बढ़ो उज्यालो आनन्दी भगवान् शङ्करै सरी ।
हिमालमा पस्यो मेघ विश्व-बाधा सबै हरी ॥
मेघ झैं विश्व–सेवामा लगाई शुद्ध जीवन ।
अन्त्यमा शान्ति जो लिन्छन् उनै हुन् मुक्ति-भाजन ॥

* * * * *

फाँडिए कण्टक–प्रायः बढ़ेका खर–दूषण ।
पियारो भो–जनस्थान रह्यो अध-म-रा-वन ॥

* * * * *

उनै सूर्य, उनै पृथ्वी, उही छ किरणाऽऽवली ।
कालको गतिले गर्दा राप किन्तु अलिअलि ॥
फर्काउँछ सिधा पीठ दुनियाँ सूर्य-संमुख ।
हेरला को कठै !! मन्द गिरेका मित्रको मुख ? ॥

(पं लेखनाथ शर्मा पौड्याल्यले निर्मित "ऋतु विचार" नामक नेपाली भाषाको खण्ड-काव्यबाट)

दुर्गेशनन्दिनी—उपन्यास सम्राट् स्वर्गीय बंकिमचन्द्र चट्टोपाध्यायको दुर्गेशनन्दिनीको नेपाली अनुवाद । अनुवादकर्ता—लेफ्ट० कर्णेल शिव प्रताप सेंसेर थापा, बी. एस्सी, बड़ा-हाकिम, विराटनगर । मूल्य ।।।) आना

यो बंगलाको एक प्रसिद्ध उपन्यासको अनुवाद हुनाले यसका विषयको समालोचना गरिरहनु पर्दैन । अनुवाद उत्तम भएकोछ । उपन्यास प्रेमीहरूका निम्ति नेपाली साहित्यमा यो एउटा ग्रन्थरत्न बनेको छ ।

रूपमती—लेखक—गोर्खा दक्षिणबाहु प्राफेसर रुद्रराज पाण्डे, एम ए., त्रिचन्द्रकोलेज काठमाडौं, नेपाल—मूल्य के० रू० ।।।) आना, मो० रू० १) पाइने ठेगाना—मणि प्रेस, कालिम्पोङ्ग ।

नेपाली भाषामा लेखिएका मौलिक उपन्यासहरूमा विरसिका बाहेक अरु उपन्यास भएको हामीलाई थाहा छैन । स्वर्गीय पद्मनाभ सापकोटाको डाक्टर सूर्य्य प्रसाद प्रकाश हुनपाएको भए वेसै हुने थियो । सामाजिक विषयको मौलिक उपन्यासमा रूपमती पहिलो हो औ उत्तम हिसाबले लेखिएको छ । हामीले यो उपन्यास २/४ जना स्वास्नी मानिसहरूलाई पढ्नदियौं । तिनले साह्रै चाख मानेर पढ़े औ पुस्तक पढ़ेर न सिध्याउन्जेल घरको धन्धा नै छोएनन् । यसबाट पुस्तक कतिको रूचिकर रहेछ, स्पष्ट हुन्छ । नेपालीहरूको सामाजिक अवस्थाको फोटो योग्य लेखकले खिचेको हुनाले हाम्रा प्रत्येक पढ़ेलेखेकाले यो पुस्तक एक एक पल्ट पढ़नुपर्छ भन्ने हाम्रो मत छ ।

MANI PRESS, KALIMPONG

Undoubtedly one of the biggest Printing Concerns in the Northern Bengal

IS FULLY EQUIPPED WITH



(A Corner of the Printing Plant of Mani Press.)

MACHINERY, TYPES & STAFF

TO WELCOME

Any kind of Book & Job work

AT

COMPETITIVE RATES

QUALITY PRINTING is our aim and

CHEAP RATES are our motto

Please convince yourselves

BY

GIVING US A TRIAL ORDER.

Tele:—"LONGKARTH"
Gangtok.

Regd. Trade Mark

SAWN-SHIN-NATE-MAWN

(Patent No. 19728)

AN EFFICACIOUS

MEDICINE

for

TUBERCULOSIS

For particulars please write to the Sole Manufacturers

J. LONGDENS & S. KARTHAKS

GANGTOK, (SIKKIM), India

थाइसीसको ओखती

(पेटेन्ट नं० १९७२८)

यो डरलाग्दो रोगले हाम्रा नेपाली, भोटे र लापचेहरूलाई कतिको दुःख दिएको छ सो सबैलाई थाहा छ । हामीले यसको असल ओखती "शान--शीन--नेत--मान" फेला पारेको छौं । यसले थाइसीस रोग (सुकेनाश) चट्ट निको पार्छ ।

दाम मैन्हा दिनको खुराकलाई रु० ३०)
" १५ " " " १५)
" ७ " " " ७)

विशेष कुरा पत्र लेखेर जान्नु होला ।

ठेगाना-जे० लोंगदेन र एस० कार्थक
गान्तोक पो० आ० (सुक्खोम)

For
Tibetan Newspaper
AND
Tibetan Books
of all kinds
Please write to— THARCHIN,
Kalimpong P. O.

टिबेटन खबर कागत

र

हर किसमका टिबेटन पुस्तकहरू

का लागि मलाई लेख्नुहोस्—

मेरो ठेगाना—थारचीन,

पो० आ० कालिम्पोंग ।

नेबुला समाजको दोकानमा किन्नुहोस्

आफ्नो समाजको उन्नति गर्नु हो भने आफ्नै समाजको दोकानमा किन्नु पर्छ ।

आयलमेन्स स्टोर्स, पेटेन्ट ओखतिहरू, स्कूलका खाता पेन्सिल इत्यादि, किसिम किसिमका मिठाई, सिग्रेट जे चाहिन्छ हाम्रो दोकानमा किन्नु होस्

बाटा सूज अरू भन्दा राम्रो र सस्तो हुन्छ ।

ठेगाना—धनमान मोक्तान एण्ड सन्स,

कालिम्पोंग ।

NOTICE.

This is to make known to the public that well known Homeopath Professor Dr. R. L. Sharma, M. D., M. S., F. H. A., (Gold Medalist) Board examiner of the Edward Medical College and late Principal of the World Medical College of Homeopathy Calcutta is at Kalimpong. He is a specialist in female, children and chronic diseases. Special treatments for Kala-Zar, Tuberculosis, Syphilis, Gonorrhea and Asthma. Guaranteed cure for all venereal diseases. Piles cure without operation.

Professor **Dr. R. L. Sharma,**
M. D., M. S., F. H. A.
NEW MARKET
KALIMPONG

सर्व साधारणलाई यसबाट विदित होस् कि एडवर्ड मेडिकल कालेजको बोर्ड परीक्षक तथा कलकत्ताको होमियोपाथि वर्ल्ड मोडिकल कालेजको भूतपूर्व अध्यक्ष प्रोफेसर डाक्टर आर० एल० शर्मा, एम० डी०, एम० एस०, एफ० एच० ए० (स्वर्ण पदक प्राप्त) कालिम्पोंगमा आएका छन् । उनी स्त्री रोग, बालरोग, यक्ष्मा, हैजा, आमाशय उपदंश प्रमेहादि जटिल रोगहरूको विशेषज्ञ हुनु हुन्छ । मुत्राशय सम्बन्धी सबै रोगका पनि विशेष चिकित्सक हुनु हुन्छ । बवासीर रोगलाई न चिरीकन वैज्ञानिक उपाय सँग आराम गर्नुहुन्छ ।

प्रोफेसर डा० आर० एल० शर्मा,
एम० डी०, एम० एस०, एफ० एच० ए०
नया बजार, कालिम्पोंग ।

Altarpieces,
Sculptures,
Carvings,
Reliefs,
Decorative-Painting,
Etc.

For
Churches,
Palaces,
Lecture-Halls, Etc.

Modern
Architectural
Designs, and
Building
Contracts,

By
R. A. Eklund, F. R. S. A.
Kalimpong.

Mian Mansabali Elahi Bukush
KALIMPONG

मिया मनसवअली इलाही बक्स
कालिम्पोंग ।

हाम्रो दोकानमा

फ्लेक्स सुज
ब्लथाक क्याट, थ्री 'ए'
पासिङ्ग शो, क्रेभन 'ए'
शिमेटहरू पाइन्छन

अमृत बजार
टाइम्स अव् इन्डियाका हामी
एजेन्ट हौं ।

हर किसमका ग्रामोफोन र रेकार्डहरू हाम्रामा सस्तो र पक्का पाउनु हुने छ ।

एजेण्टका नियम ।

—०*०—

१ । कसैले प्रथमवार ५० कापि नेबुला बिक्री गऱ्यो भने एजेण्ट हुनेछ ।

२ । खुदरा बेच्नेले सैकड़ा रु० २०) कमिशन पाउँने छ ।

३ । एजेण्टले ग्राहक भर्ती गरेकोमा सैकड़ा रु० १०) कमिशन पाउने छ ।

४ । प्रत्येक एजेण्टले रु० ५) डिपाजीट अघिबाट दिनु पर्ने छ ।

५ । बिक्री न भएका मासिक पत्रहरू सैकड़ा १० सम्म मात्र फिर्ता लिइने छन् औ तेसको बदली नयाँ पत्र दिइने छन् ।

६ । एजेण्टले मैन्हे पिछे हिसाब बुझाउनु पर्ने छ ।

७ । बिक्री न भएका पत्रहरू फर्काउने लागत खर्च एजेण्टले तिर्नु पर्छ ।

ग्राण्ड नेशनल एण्ड स्नो भीऊ सीगरेट

मुफत ! मुफत ! मुफत !

हिन्दुस्थानमा अघि कैले पनि यस्तो बढ़ियाँ खालको सिग्रेट १० पैसा पाकेट र २ आना पाकेटमा कतै बिक्री भएको थिएन । प्रत्येक पाकेटमा यौटा लाम्चे र प्रत्येक टीनमा यौटा डल्लो टिकट हुन्छ ।

पाकेटको १० वटा लाम्चे टिकट अथवा टिनको २ वटा डल्लो टिकट फिर्ता दिये १० खिलीको १ पाकेट ग्राण्ड नेशनल अथवा १ पाकेट स्नो भीऊ सिग्रेट मुफत दिन्छौं ।

यो सुनौली मौका न चुकाउँनू होस् ।

बटुलेका टिकटहरू दिने ठाऊँ—

पी० सी० विश्वास एण्ड को०
कालिम्पोंग,
सिग्रेट, माचिस र साबून को एजेण्ट ।

Noor Buksh Mullick & Bros,

General Merchants & Accredited Dealers,

THE GRAMOPHONE Co. Ltd.

KALIMPONG



हाम्रा दोकानमा घोड़ाको जीन-लगाम, चमड़ाको सुटकेस, टिनको बिस्कीट किसीम किसीमका मिठाईहरू, टोर्चलाइट, ग्यासबत्ती, नानीहरूका खिलौनाहरू, सस्तो दाममा बिक्री हुन्छ। एक पल्ट मगाई परीक्षा गर्नु होला ।

ठेगाना—नुर बक्स मल्लीक एण्ड ब्रदर्स,

जेनेरल मर्चेण्टस एण्ड एक्रेडाइटेड डिएलर्स,

दि ग्रामोफोन कम्पनी लिमीटेड,

कालिम्पोंग ।

कालिम्पोंग फर्मासी,

सब किसिमका औषधी; चश्मा, र आर्डर सप्लायर्स

डाक्टर जी० सी० दासगुप्त, बी. एस्सी., एम. डी.

भूत पूर्व सर्कारी अस्पतालहरूका डाक्टरले

हेर्चाह गर्छन्

भेटने वेला बिहान ८-१० बजे र वेलुका ४-६ बजे

हाम्रो दोकानमा सब किसिमका ताजा दवाई, पेटेण्ट दवाई, चश्मा, चिठीका कागत, तेलहरू पाइन्छन् । आँखा जाँच गरिन्छ, पेशाब, र रगत पनि जाँच गरिन्छ । दवाई बड़ो जतन सित दिइन्छ ।

मणि छापाखाना,

कालिम्पोंग

मा

पुस्तक र अन्य बेपार सम्बन्धी हरेक किसिमको छपाइ दिनुहोस् ।

हाम्रामा किसिम किसिमका देवनाग्री र अंगरेजी टाइपहरु छन् ।

छपाइको दर पनि सस्तो छ।

यो नेवुला मासिक पत्र हेरेर हाम्रो छपाइको जाँच गनु होस् ।

The Kalimpong Stores

(Pyne Bros.)

GENERAL MERCHANTS ORDER SUPPLIERS

Provisions, Stores & Patent Medicines, Sporting Goods & Leather Goods, Toilet Requisites and Perfumery, Crockery and Glassware, Knitting Wool and Knitting Requisites, Fancy Goods and Toys, Hosiery and Haberdashery, Stationery and Cutlery, Torches and Batteries, Broadcast Records Etc., Etc.

Agents for :—**The Famous Dumsong Butter & Tea.**

Dealers in :—**All kinds of Cameras and Photographic Materials.**



Speciality : —Photography, Views & Postcards.

Amateurs' Films Developed & Printed.



Reza Bros.

KALIMPONG.

(Established 1915)

आयलमेन्स स्टोर्स, पेटेन्ट दवाईहरू, चाकलेट, किसिम किसिमका मिठाईहरू, अत्तर, साबून, भाँड़ा-वर्तन इत्यादि चीज किन्नुपर्‍यो भने हाम्रो दोकानमा आउँनु होला । अथवा पत्र लेख्नु होला ।

डाक्टर एस० के० बर्मन औ सुख्रसन्चारक कम्पनी पेटेन्ट दवाईहरूका एजेण्ट

सस्तो दाममा राम्रो माल पाउनु हुने छ ।

ठेगाना—रेजा ब्रादर्स, कालिम्पोंग ।

Modern Dental Surgery

HOPE VIEW COTTAGE,

DARJEELING.

Equipped with up-to-date Scientific apparatus and managed by a qualified Medical and Dental Surgeon.

Terms Moderate.

Medical consultation and advice free.

Indo Swiss Trading Co. Ld.

ENGINEERS AND CONTRACTORS.

2, CHURCH LANE

CALCUTTA.

Suppliers of

MACHINERY AND MATERIALS

FOR

PRINTING, BOOK BINDING Etc.

and all kinds of

Industrial Machinery, viz. Pumps, Crude and Kerosine Oil Engines, Hosiery Machines, Flour Mills etc.

Please enquire giving details of your requirements.

* श्रीमद्भगवद्गीता *

मूल र सरल नेपाली भाषा अनुवाद

सारथी श्रीकृष्ण र अर्जुन

गीता एउटा अद्वितीय ग्रन्थ हो । यसको प्रशंसा देश देशान्तरका अनेकौं विद्वान्ले गरेका छन् । श्रीकृष्ण स्वयं यसका वक्ता हुन् । यसमा भएका उपदेशहरू केवल एउटै जाति वा देशका निमित्त मात्र उपयोगी छन् भन्न कसैले सक्तैन । गीतामा भएका दिव्य सन्देश सबैका लागि अमूल्य छ । यो सर्वमान्य ग्रन्थको अनुवाद संसारका प्रायः सबै सभ्य भाषामा भइसकेको छ । हाम्रो समाजमा पनि यो अद्वितीय ग्रन्थको खूब प्रचार होस् भन्ने विचारले हामीले यसको लागत खर्च मात्र लिएर प्रकाश गर्ने प्रबन्ध गरेका छौं ।

मूल्य (पाकेट साइज) साधारण कागतमा =)

" " बढ़िया कागतमा ≡)

" " जिल्द समेतको ।)

नोट—नेपाली भाषा-गीता अन्वय, टीका, टिप्पणी भएका सचित्र गीताहरू धमाधम छापिंदैछन् । चाँडै ग्राहक हुनुहोला भन्ने निवेदन छ ।

ठेगाना—मणि प्रेस कालिम्पोंग, पो० आ०

Printed by Sesh Mani Pradhan, F. R. H. S. (Lond.) at the Mani Press, Kalimpong
and Published by Madan Kumar Pradhan, B. A., B. L., Kalimpong.